**खानपान र जीवनशैली परिवर्तन गरौं, स्वस्थ रहौं**
असन्तुलित खानपान तथा जीवनशैलीका कारण मधुमेह, उच्च रक्तचाप, मस्तिष्कघातजस्ता रोगहरू लाग्न सक्छन् ।
**त्यसैले,**
- सन्तुलित र स्वस्थ खाना खाऔं,
- शारीरिक क्रियाकलाप तथा नियमित व्यायाम गरौं,
- मदिरा, सुर्ती तथा सुर्तीजन्य पदार्थको उपभोग नगरौं,
- प्रशस्त मात्रामा पानी पिउने गरौं,
- तनाव व्यवस्थापन गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**PRATEEK DAILY**

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com

निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ कात्तिक ०५ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 October 21 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ५९

## नारायणीको क्रिकेट पिच अन्तर्राष्ट्रियस्तरको बन्दै

प्रस, परवानीपुर, ४ कात्तिक/
वीरगंज–१४ स्थित नारायणी क्रिकेट



मैदानको स्तरोन्नतिको काम शुरू भएको छ । दुई सातादेखि क्रिकेट मैदानको बीचबाट खनेर अन्तर्राष्ट्रियस्तरको पिच बनाउने काम भइरहेको क्यान पर्साले जनाएको छ ।

क्यान पर्साका अध्यक्ष मनीष सिंहका अनुसार आगामी डिसेम्बर–जनवरीमा हुने एलिट कपको लागि क्रिकेट मैदान स्तरोन्नति गरी अन्तर्राष्ट्रिय मापदण्डको बनाउने काम भइरहेको हो ।

क्यान नेपालका मुख्य पिच क्युरेटर महम्मद अबुल अल मनुनले नारायणी क्रिकेट मैदानमा ३०X८० वर्गफिटमा तीनवटा पिच बनाइरहेका छन् । एउटा पिचको चौडाइ १० फिट र लम्बाइ ८० फिट रहेको छ । पिच बनाउन डेढ फिट माटो खनेर बालुवा, ढुङ्गा, गिट्टी, माटोलगायतका सामग्री भरेर पिच निर्माणको कार्य भइरहेको उनले बताए ।

यो अन्तर्राष्ट्रिय मापदण्डको पिच हुनेछ । अब वीरगंजमा पनि व्यावसायिक क्रिकेट खेलाडीहरूले अन्तर्राष्ट्रिय मापदण्डको पिचमा खेल्न पाउँछन् । वीरगंजमा अब राष्ट्रिय क्रिकेट प्रतियोगिता गर्न बाटो खुल्यो, पिच क्युरेटर मनुनले भने ।

उनका अनुसार खेल हुने दिन बिहान अन्य तयारी गरेपछि स्पिनरको लागि पिच तयार गर्ने कि तीव्र गतिका बलरको लागि, यो कुरा खेल र दिनको अवस्थामा भर पर्छ । नारायणी क्रिकेट मैदानको पिचले बाउन्सर बल फाल्ने बलरलाई पनि मदत गर्ने उनले बताए ।

नारायणी क्रिकेट मैदानको पिच स्तरोन्नतिको लागि करीब नौ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ । क्यान नेपालका सचिव पारस खड्काको विशेष पहलमा वीरगंजमा पिच निर्माण कार्य भइरहेको उनले बताए । आगामी दिनमा वीरगंजमा राष्ट्रिय र अन्तर्राष्ट्रिय खेल हुनेछन् । गत पिएम कपका उत्कृष्ट चार टीमले वीरगंज र धनुषाको जनकपुरमा एलिट कप खेल्नेछन् । क्रिकेट मैदानलाई सुरक्षित र व्यवस्थित बनाउने पहल पनि भइरहेको छ । केही जग्गाधनीलाई अढाई करोड रुपैयाँ मुआवजा दिनुपर्ने भएकोले क्यानले राष्ट्रिय खेलकूद परिषद् र खेलकूद मन्त्रालयमार्फत अर्थ मन्त्रालयलाई पत्र लेखेर पठाइसकेको छ । सम्भवतः चाँडै नै जग्गाधनीले मुआवजा पाउँछन् र क्रिकेट मैदानलाई चारैतिरबाट तारजाली लगाएर सुरक्षित बनाउने अध्यक्ष सिंहले बताए ।

नारायणी क्रिकेट मैदानमा प्यारापिट निर्माण गर्ने प्रस्ताव पनि क्यानमार्फत परराष्ट्र मन्त्रालयमा गइसकेको र त्यसबारे पहल पनि भइरहेको उनले बताए ।

परराष्ट्र मन्त्रालयबाट फाइल सदर भएपछि कतार सरकारले नारायणी क्रिकेट मैदानमा प्यारापिट बनाउने प्रस्ताव पेश गर्ने उनले बताए ।

## पहलमानीमा प्रतिस्पर्धा हट्यो, प्रदर्शनी शुरू

धर्मेन्द्र चौरसिया, पोखरिया, ४ कात्तिक/
पर्सा र बारामा अहिले कुश्ती प्रतियोगिता बन्द भएर कुश्ती प्रदर्शनी मात्रै भइरहेको छ ।

एक दशक अघिसम्म प्रतियोगिता हुने र त्यसमा नेपाल–भारतका पहलवानहरू भिड्ने गर्थे । प्रतियोगितामा जीत–हार हुन्थ्यो र जित्नेलाई नगदसहित पुरस्कृत गरिन्थ्यो । अहिले प्रतियोगिता हुन छाडेको छ र कुश्ती प्रदर्शनी मात्र भइरहेको छ ।

विन्ध्यवासिनी गाउँपालिकाको गर्दौल निवासी पहलवान सुनील साह दर्शकहरूले रुचाए अनुसार प्रतियोगिताको सट्टा प्रदर्शनी भइरहेको बताए । उनले दर्शकहरू नाम चलेका पहलवानहरूबीच पटकापटकी भएको देख्न चाहने र सोहीअनुरूप कुश्ती आयोजना भइरहेको बताए ।

पारस थापा, देवा थापा, महम्मद गनी, बाबा लाडीजस्ता नेपालका नाम चलेका पहलवानहरू अहिले प्रतिस्पर्धा गरेर जीतहार गर्नुभन्दा प्रदर्शनी गरेर दर्शकहरूलाई मनोरञ्जन प्रदान गर्दै आएका छन् । पहलवानहरूलाई ठेक्कामा बोलाउने र उनीहरूबीच पटकापटकी गराइन्छ । कुश्ती प्रदर्शनी अहिले पर्सा, बाराका विभिन्न स्थानमा आयोजना


तस्वीरः प्रतीक

भइरहेको छ । खासगरी चाडपर्व शुरू भएसँगै कुश्ती प्रदर्शनीको रौनक बढ्छ ।

छठसम्म कुश्ती प्रदर्शनीहरू ठाउँठाउँमा आयोजना हुन्छन् । नेपाल रभारतका नाम चलेका पहलवानहरूलाई प्रदर्शनीमा बोलाउने र उनीहरूबीचको कुश्ती प्रदर्शनबाट आयोजक र पहलवानहरू दुवैले कमाउने गरेका छन् । पोखरिया नपा–१० शिबर्वाका पहलवान भन्टु यादव सङ्घीय र प्रदेश सरकारले आयोजना गर्ने कुश्ती मात्र प्रतियोगिताको रूपमा खेलाइन्छ बाँकी अन्य आयोजकहरूले प्रदर्शनीको रूपमा खेलाउँदै आएको बताए ।

सोही ठाउँका अर्का पहलवान बृजकिशोर यादव ठेक्कापट्टामा हुने कुश्तीको महत्त्व घटेको बताउँछन् । उनले प्रतियोगिता हुँदा पहलवानहरूले आफ्ना सन्ततिलाई पनि पहलवानी सिकाउने गरेको तर अहिले त्यस्तो कार्य नभएको बताए । उनले पहलवानीबाट घरखर्च धान्न नसक्ने हुँदा धेरै पहलवान कुश्तीबाट विमुख भएको बताए । उनले यथावस्थामा कुश्तीमा संलग्न पहलवानहरूको हकमा तीनवटै तहका सरकारले ध्यान दिनुपर्ने बताउँछन् ।

पर्सा जिल्लाको बहुदरमाई नगरपालिका–८ रामनगरीमा पहलवान नरेश गिरीले अखाडा खोलेर निश्शुल्क प्रशिक्षण दिइरहेका छन् । श्रीरामभक्त हनुमान अखाडामा पर्सा, बारा, रौतहटका ३० जना पहलवानलाई उनले दैनिक प्रशिक्षण दिँदै आएका छन् । पर्सा, बारा,

(बाँकी अन्तिम पातामा)

## रौतहटका पाँचवटा पालिकालाई सङ्कटग्रस्त सूचीमा राख्न प्रधानमन्त्रीलाई ज्ञापन

प्रस, रौतहट ४ कात्तिक/
स्थानीय तहका प्रमुखहरूले संयुक्तरूपमा आइतवार प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएका छन् ।

गौर, माधवनारायण, ईशनाथ, बौधीमाई नगरपालिका र यमुनामाई गाउँपालिकाका प्रमुखहरूले संयुक्तरूपमा जिल्ला प्रशासन कार्यालय, रौतहटमा उपस्थित भई प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्री केपी शर्मा ओलीलाई ज्ञापनपत्र बुझाएका हुन् ।

गत असोज १३ गते बाग्मती र लालबकैया नदीसहित विभिन्न खोलामा आएको बाढीबाट जिल्लाका अधिकांश भूभाग डुबानमा परेर व्यापक क्षति भएपनि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण व्यवस्थापन शाखाले पालिकाहरूको नाम सङ्कटग्रस्त सूचीमा नराखेकोले स्थानीय तहका प्रमुखहरूले प्रजिअ हीरालाल रेग्मीमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएका हुन् ।

बाग्मती र लालबकैया नदीका छेउमा रहेका गौर, माधवनारायण, ईशनाथ, बौधीमाई नगरपालिका र यमुनामाई गाउँपालिका बाढीबाट अति प्रभावित भएपनि विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा नभएकोमा दुःखेसो पोख्दै माधवनारायण नगरपालिकाका प्रमुख बैजनाथप्रसाद यादवले विपद् सङ्कटग्रस्त क्षेत्र समावेश गर्न छुट भएकामा यी पालिकाहरूलाई समावेश गर्न आग्रह गरेका छन् ।

यस अघि रौतहटका पाँचवटा पालिकालाई सङ्कटग्रस्त क्षेत्र घोषणा गरिसकिएको छ । गढीमाई, राजदेवी, राजपुर फरहदवा, परोहा, दुर्गाभगवती गाउँपालिकालाई सङ्कटग्रस्त क्षेत्र घोषणा गरिएको हो ।

## बालविवाह र दाइजोप्रथा पूर्णरूपमा उन्मूलन गर्न आग्रह

प्रस, पंचगावाँ, ४ कात्तिक/
सखुवाप्रसौनी गाउँपालिकाका अध्यक्ष यशवन्त यादवले पर्साका यादव समुदाय



शिक्षा, रोजगार र व्यवसायमा पछाडि परेको बताएका छन् ।

पटेर्वासुगौली गाउँपालिका–५ निचुटास्थित सोमेश्वरनाथ महादेव मन्दिरको प्राङ्गणमा गोपाल सेवा समिति पर्सा क्षेत्र नं ३ (क) तदर्थ समितिले आयोजना गरेको दीपावली तथा छठ पर्वको शुभकामना कार्यक्रममा उनले पर्साका ग्रामीण क्षेत्रको यादव समुदायले उच्च शिक्षा हासिल गर्नुपर्नेमा जोड दिए । उनले बालविवाह, दाइजोप्रथा पूर्णरूपमा निर्मूल पार्नु सबै समुदायको जिम्मेवारी रहेको बताए । उनले गाउँ–समाजको विवाद गाउँमैं सुल्झाउनुपर्ने सुझाव दिए ।

कार्यक्रममा शिक्षक हरिराज यादवले गोपाल सेवा समिति कुनै राजनीतिक दल नरहेको बताउँदै यो समिति शुद्ध मनले यादव जातिको उत्थान र सहयोगको भावना लिएर अगाडि बढेको बताए ।

समाजसेवी शैलेन्द्र यादवले यादवहरूको उन्नतिको लागि समितिलाई अगाडि बढ्न सुझाव दिए ।

सञ्चारकर्मी प्रमोद यादवले यादव समुदायका आराध्यदेव भगवान् श्रीकृष्ण रहेकाले श्रीकृष्णले देखाएको बाटो अवलम्बन गर्न आग्रह गरे । उनले कृषिकर्मसँगै यादव समुदायले समाज र देशको उत्थानको लागि पनि अगाडि बढ्न जरुरी रहेको बताए ।

कार्यक्रममा मनोज यादव, कृष्णमोहन यादव, रामनारायण यादव, पुरन यादवलगायतको सहभागिता थियो ।


कार्यक्रममा समितिको दोस्रो बैठक मङ्सिरको अन्तिम शनिवार सखुवाप्रसौनीमा गर्ने निर्णय गरिएको छ । समितिका अध्यक्ष नगेन्द्र यादवको अध्यक्षतामा भएको कार्यक्रमको सहजीकरण शिक्षक रामबहादुर यादवले गरेका थिए ।

## गत वर्ष बालगङ्गा खोलामा एक लाख ६३ हजार ३६६ घनमिटर अवैध उत्खनन रु पाँच करोडभन्दा बढीको नदीजन्य पदार्थ ठेकेदार कम्पनीले लगेको अनुमान

प्रस, निजगढ, ४ कात्तिक/
बाराको बालगङ्गा खोला ठेक्कामा अनुमति दिए पनि ठेकेदार कम्पनीले सो मापदण्डको उल्लङ्घन गर्दै करोडौं मूल्य मापदण्डको चरम उल्लङ्घन गरेको पाएपछि उत्खनन कार्य रोक्दै प्राविधिक उत्खनन गरेको पाइएको छ । ठेक्का सम्झौतामा तोकिएको मूल्यको हिसाबले







उत्खनन् परिमाण विवरण

| | | |
|---|---|---|
| प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) बमोजिम उत्खनन गर्नुपर्ने परिमाण | ७५,२००।०० | घन मि |
| कुल उत्खनन् गरिएको परिमाण | २,२२,२४६।८० | घन मि |
| बन क्षेत्रबाट भएको अवैध उत्खननको कूल परिमाण | १,३५,०८६।६६ | घन मि |
| पहिलो प्लटबाट भएको अवैध उत्खनन् परिमाण | २८,२८०।०० | घन मि |
| पहिलो र दोस्रो प्लट विच उत्खनन् भएको अवैध परिमाण | ५१,३७९।५० | घन मि |
| दोस्रो प्लटमा ६५६०० घन मि उत्खनन् गर्नुपर्नेमा हालसम्म उत्खनन् गरिएको कूल परिमाण | ४९२८०।८० | घन मि |
| सम्झौता भन्दा बढी उत्खनन् गरिएको कूल परिमाण | १४७०४६।८० | घन मि |
| जम्मा उत्खनन् गरिएको अवैध परिमाण (वनक्षेत्र+प्लटवाहिर गरी) | १६३३६६।०० | घन मि |

स्वीकृत IEE प्रतिवेदन अनुसार बालगंगा खोलाबाट बार्षिक जम्मा ७५,२००।०० घनमिटर नदीजन्य पदार्थ उत्खनन् गर्न जीतपुरसिमरा उपमहानगरपालिका र जय मातादी कन्स्ट्रक्सन, कलैया-०१ बिच सम्झौता भएकोमा हालसम्म जम्मा २,२२,२४६।८० घनमिटर उत्खनन् भईसकेको देखिन्छ।
उत्खनन् गरिसकेपछि काम नलाग्ने वस्तु जुन स्थानबाट निकालिएको हो सोही स्थानमा स्विकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भए बमोजिम तह मिलाई खाडल नहुने गरी सम्याएको देखिदैन । प्लट नं २ सुक्लैया प्लटमा अधिकांश स्थानमा च्यानालाइजेशन नगरी ठाउँ ठाउँबाट उत्खनन् गरी पोखरी जस्तो बनाएको देखिन्छ ।

गत आवमा बालगङ्गा नदीमा मापदण्डबाट नदीजन्य पदार्थको अवैध उत्खनन गरिएको दृश्य । तस्वीरः प्रतीक

लिएको ठेकेदार कम्पनीले मापदण्डभन्दा बढी नदीजन्य पदार्थको अवैध उत्खनन गरेको प्रमाण फेला परेको छ । जीतपुरसिमरा उपमहानगरपालिकाले आन्तरिक राजस्व सङ्कलन गर्न २०८०/८१ मा कलैयाको जय मातादी कन्स्ट्रक्शनलाई मापदण्डभित्र रही उत्खनन गर्न बढीको नदीजन्य पदार्थ अवैध उत्खनन गरेको पाइएको छ ।

जिल्ला समन्वय समिति, बाराका प्रमुख नरेन्द्रकुमार साह नेतृत्वको अनुगमन टोलीले बाराका खोलाहरूको स्थलगत अनुगमन गर्ने क्रममा बालगङ्गा खोलामा ठेकेदार कम्पनीले समिति गठन गरी उत्खननस्थलको नापजाँच गरी परिमाण निकाली तीन दिनभित्र प्रतिवेदन पेश गर्न निर्देशन दिएको थियो ।

प्राप्त प्रतिवेदनमा ठेकेदार कम्पनीले मापदण्डभन्दा एक लाख ६३ हजार ३६६ घनमिटर बढी नदीजन्य पदार्थको अवैध पाँच करोड ७६ लाख ३५ हजार ५२४.८० रुपियाँ बराबरको नदीजन्य पदार्थको अवैध उत्खनन गरी ठेकेदार कम्पनीले लगेको प्रतिवेदनमा उल्लेख छ ।

प्राविधिक समितिले तयार पारेको प्रतिवेदन अनुसार ठेकेदार

(बाँकी पाँचौं पातामा)

## विचारसार र सूक्तिहरू

स्व–नियन्त्रण स्वाभिमानको मूल कारक हो भने स्वाभिमान साहसको मुख्य तत्त्व हो ।


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# डिजिटलाइजेशन गरौं

**नेपालमा सानोतिनो काम गर्दा पनि कागजपत्रहरूको झन्झट बेहोर्नुपर्ने समस्या छ । साधारण सरकारी सेवा लिन चाहने नागरिक काम गर्नुभन्दा थाल्नु अघि कागजपत्रको लामो सूची सामना गर्न बाध्य हुन्छन् । कुनै एउटा सामान्य काम गर्न परेमा दर्जनौं कागजात तथा प्रमाणपत्र र सरकारी सिफारिश आवश्यक पर्छ । यो समस्या नेपालको विकास प्रक्रियामा आज नागरिक प्रशासनको सबैभन्दा ठूलो चुनौती बनेको छ । सरकारी कामका लागि कागजपत्र बनाउन शुरू गर्दा एउटा महाभारत नै छ । कुनै व्यक्ति आफ्नो व्यक्तिगत काम वा सरकारी अनुदानका लागि निवेदन दिन खोज्छ भने त्यसलाई कति कागजपत्र चाहिन्छ भनेर जान्नसमेत मुश्किल छ । जस्तै नेपाली नागरिकताको प्रमाणपत्र बनाउन वा कुनै निस्सा प्रमाणपत्र प्राप्त गर्न वा सवारी चालक अनुमतिपत्र प्राप्त गर्न, प्रहरी प्रशासनले आफ्नो ढङ्गले बुझ्ने त छँदैछ, यसको बावजूद पनि एक अँगालो कागजातको तयारी गर्नुपर्छ । यसले समय र पैसाको बर्बादी त छ नै, साथसाथै सानो काम गर्नुपर्दा पनि सेवाग्राहीले शारीरिक र मानसिकरूपमा सास्ती पाउने गरेका छन् ।**

**हाम्रा सरकारी कार्यालयहरूमा व्यवस्थित सेवाप्रवाहको अभाव छ । एउटै कामका लागि नागरिकलाई लामो समय लाइनमा बस्न लगाउने समस्या पुरानै हो । उदाहरणका लागि जिल्ला प्रशासन कार्यालयमा राहदानी बनाउन जाँदा निवेदकको नागरिकताको चेकजाँच गर्छ । एकातर्फ लाइन बसेर सेवा काउन्टरको सामने पुगेका व्यक्ति नागरिकताको रेकर्ड भिडान वा भेरिफाइ गराउन फेरि अर्को लाइन बस्नुपर्छ । त्यसपछि सोधपूछसमेत गर्दा एउटा राहदानी बनाउन एकजना व्यक्ति जिल्ला प्रशासनमा पुगेर कम्तीमा तीनपटक लाइनमा बस्छ । कुनै बेला एउटै लाइनमा दुई/तीन दिनसम्म पनि लाग्छ । यसरी एकै व्यक्ति पटकपटक लाइनमा बस्दा सेवाग्राहीको भीड हुने नै भयो । बढ्दो भीडभाडको फाइदा उठाउँदै केही भ्रष्ट कर्मचारीहरू सेवाग्राहीसँग अतिरिक्त रकम असुल्नेतर्फ लिप्त हुन्छन् । साना कुरा मिलाउन कर्मचारीलाई चाकरी गर्नुपर्ने, नत्र सेवामा ढिलासुस्ती भोग्नुपर्ने निश्चित छ। कागजपत्र धेरै पेश गरिएपछि कुनै न कुनै कागजातमा केही कमजोरी देखिन्छ । कर्मचारीको बार्गेनिङ त्यहींबाट शुरू हुन्छ। हुन पनि हो, यस्तो भीडभाडमा कामका लागि पटकपटक धाइरहनुभन्दा केही रकम खर्चे झन्झटबाट मुक्त हुनुपर्‍यो भन्ने सोच जो कसैको हुन्छ । यसरी अनावश्यक कागजात र प्रक्रियाका कारण अधिकांश सेवाप्रदायक कार्यालयहरूमा घूसखोरी हुर्किएका छन् ।**

**संसारका धेरै मुलुकले डिजिटल प्रविधिको उपयोग गरेर प्रशासनिक प्रक्रियालाई सरल र सहज बनाएका छन् । तर नेपालमा सरकारी कार्यालयहरूले प्रविधिको प्रभावकारी प्रयोग गर्न सकेका छैनन् । नागरिक सेवाप्रवाहका लागि कागजमुक्त प्रणालीको विकास हुनुपर्नेमा हामी अझै पनि पुरातन ढाँचामा अड्किरहेका छौं । कतिपय सेवाहरूलाई अनलाइनमार्फत उपलब्ध गराउने प्रयास भएपनि पर्याप्त छैनन् । सवारी लाइसेन्सको ट्रायल पास भएपछि नागरिक परिचयपत्र एपमा लाइसेन्स पठाइदिने कुरा हालै सङ्घीय सरकारका प्रधानमन्त्रीले घोषणा गरेका छन् । यसो भएमा सकारात्मक काम मान्नुपर्छ । नागरिकता, नागरिक परिचयपत्रलगायतका अन्य अति आवश्यक सेवाहरूलाई पनि यसैगरी डिजिटलाइजेशन गर्दै जानु लोकहितमा हुनेछ ।**

# सम्बन्धविच्छेद : रहर कि बाध्यता ?

स्वतन्त्र विचार



राजेन्द्रप्रसाद कोइराला Phd
rajendrakoirala20@gmail.com

**नेपालको सम्बन्धविच्छेदको तथ्याङ्क प्रवृत्ति बाध्यकारी र गम्भीर छ । यसले सम्बन्धविच्छेद एउटा नयाँ सामाजिक समस्याको रूपमा देखापरेको सङ्केत गर्छ । सम्बन्धविच्छेदबारे जेसुकै राय होस्, यसले परिवारलाई अव्यवस्थित पार्छ र समाजको कल्याणलाई असर गर्छ ।**

जीवनमा कसैले पनि सम्बन्धविच्छेद गर्छु भनेर सोचाइ राख्दैन । व्यक्तिको जीवनमा नचाहेर पनि सम्बन्धमा उतारचढाव हुने गर्छ । व्यक्तिले के कति कारणले सम्बन्धविच्छेद गर्छन् त, भन्दा यसका विविध कारण छन् ।

सम्बन्धविच्छेद सुन्दा पक्कै पनि राम्रो लाग्दैन किनभने यसको अर्थ पति–पत्नीबीच विभाजन, अलगाव र विच्छेद हो । कानूनी परिभाषामा यो एउटा जोडीको वैवाहिक यात्राको कानूनी समाप्ति हो । केही अवस्थामा, यो वाञ्छनीय हुन सक्छ, तर धेरै अवस्थामा दुःखद हुन्छ र यसले परिवारलाई अव्यवस्थित बनाउँछ । यद्यपि सम्बन्धविच्छेद सबै समाजमा हुने एक घटना हो र आधुनिक समाजमा बढी सामान्य भएको छ । सम्बन्धविच्छेदका केही सैद्धान्तिक पक्ष र परिवार र समुदायमा केही उतारचढाव देखिनु सामान्य हुन गएको छ अहिले । यसका कारणहरू खोतल्दै जाँदा निम्न कारणहरू देख्न पाउँछौं–

**एक्लोपन**

सर्भे गर्दा के देखिएको छ भने कुल ६४ प्रतिशत अर्थात् सबै डाटाको ६४ प्रतिशतका पति वैदिशक रोजगारमा गएका थिए। यस्तोमा सम्बन्धविच्छेदको मुख्य कारण एक्लोपन पाइएको छ । दाम्पत्य जीवनमा एकअर्कालाई समय नदिनु सम्बन्धविच्छेदको प्रमुख कारण हो ।

**प्रतिबद्धता पूरा नगर्नु**

पति–पत्नीले आफ्नो दायित्व पूरा नगरेको दोस्रो प्रमुख कारण पाइएको छ। पतिले दायित्व पूरा नगरेर रक्सीसेवन गर्नेजस्ता कारणहरू थिए । विवाह गर्दा कसैले पनि प्रतिबद्धता बिर्सने र सहयोग नगर्ने कल्पना गरेको हुँदैन । बिस्तारै समयले कोल्टे फेर्दै जाँदा आपसी सहयोग र समर्पणको भावना हराउँदै जान्छ । परिणामस्वरूप असमझदारी बढ्न थाल्छ ।

**निकटता**

सर्भे गर्दा के पाइएको छ भने ६४ प्रतिशतका पति वैदेशिक रोजगारमा थिए। विदेश गएपछि दाम्पत्य–निकटता नरहनु स्वाभाविक हो । यस्ता व्यक्तिहरूका पति वा पत्नीसँग अन्य व्यक्तिसँग सम्बन्ध रहेको देखियो । यसबाट पति–पत्नीमा आत्मीयता कम र परस्पर शङ्का बढ्नु पनि त्यतिकै स्वाभाविक हो ।

**मनोमालिन्य**

दाम्पत्य जीवनमा सामान्य कुरा बढ्दै गएर ठूलो मनमुटाव हुने गर्छ । सानो विषयमा बेलैमा सचेत भएर समस्या समाधान नगर्दा प्रायः सम्बन्धविच्छेद बढ्दै गएको छ । सर्भेमा प्रश्न गर्दा प्रायः सम्बन्धविच्छेद गर्न चाहने महिलाहरूले सामान्य झगडा बढेपछि सम्बन्धविच्छेद भएको बताएका थिए ।

**धोखाधडी**

सर्भे गर्दा अधिकांशका पति अथवा पत्नी वैदिशक रोजगारमा गएका र एकअर्कालाई धोखा दिने गरेकाले सम्बन्ध टुट्ने गरेको पाइयो । विदेशबाट पतिले पैसा पठाउने पत्नी भने परपुरुषसँग शारीरिक सम्बन्ध राखेर पैसा उडाउने। यसरी अधिकांश मुद्दामा धोखाधडी प्रमुख कारण रहेको छ।

**सानै उमेरमा विवाह भएको**

डिभोर्स नेपालले सर्भे गर्दा कुल १०० जना व्यक्तिमध्ये २२ जना कम उमेरका थिए। किन चाँडै विवाह गरेको भन्दा धेरै कारण बताएका थिए । अहिले सामाजिक सञ्जाल र अनेक कारणबाट सानो उमेरमा मायाजालमा पर्ने र विवाह गर्ने चलन बढेको छ। यसरी करियर बनाउने समयमा विवाह गर्दा धेरै मनमुटाव बढ्ने र अन्तमा सम्बन्धविच्छेदसमेत भएको छ।

**कमजोर आर्थिक अवस्था**

सर्भेमा अन्तर्वार्ता दिने प्रायः व्यक्तिले आर्थिक अवस्थाले सम्बन्धविच्छेद भएको जनाएका थिए । पति प्रायः रक्सीको कुलतमा पैसा सक्ने र जागीरसमेत नगर्ने गरेको पाइएको थियो।

यीबाहेक पुरुषले विवाहेत्तर सम्बन्ध राखेको र महिलाको सन्दर्भमा माइती पक्ष र आफन्तले नै उचालेर सम्बन्धलाई पूर्णविराम दिएको पाइन्छ भने केही सम्बन्ध आपसमा वार्ता नगरेर टुटेका पनि पाइएका छन् । ठूला शहरहरूमा अहिले त अझ महिलाभन्दा पुरुषहरू बढी पीडित भएको पाइएको छ।

राष्ट्रिय आचार (संहिता) ऐन, २०१७–२०७४ ले सम्बन्धविच्छेदसम्बन्धी स्पष्ट प्रावधानहरू स्थापित गरेको छ। नागरिक ऐनको भाग तीन (पारिवारिक कानून) को धारा ९३, ९४ र ९५ मा सम्बन्धविच्छेदका लागि निश्चित व्यवस्था छ। विशेषरूपमा धारा ९४ ले पतिले सम्बन्धविच्छेदका लागि अपील गर्न सक्ने अवस्थाहरू छन् भने धारा ९५ ले पत्नीले सम्बन्धविच्छेदका लागि अनुरोध गर्न सक्ने अवस्थाहरूबारे वर्णन गरेको छ ।

यस सिभिल ऐनको राम्रो पक्ष के छ भने यसले पति र पत्नी दुवैलाई सम्बन्धविच्छेद गर्नको लागि ढोका खोलिदिएको छ। यदि उनीहरूले छुट्टिने निर्णय गरे भने (जुन पहिले पतिको लागि ज्यादै कठिन थियो) । यो संहिता लागू भएदेखि नै नेपालमा सम्बन्धविच्छेदका घटना बर्सेनि बढ्दै गएको छ। सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले सन् २०१५ मा सार्वजनिक गरेको अत्यावश्यक दर्ताको वार्षिक प्रतिवेदन अनुसार नेपालमा एक हजार ३५५ वटा सम्बन्धविच्छेदका घटना मात्रै भएका थिए।

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले प्रकाशित गरेको वार्षिक प्रतिवेदन अनुसार सन् २०२३ मा यस मामिलाको सङ्ख्या १० हजार ६४४ पुगेको थियो । राष्ट्रिय परिचयपत्र र नागरिक दर्ता विभागको आधिकारिक वेबसाइट अनुसार ८५ हजार १११ वटा सम्बन्धविच्छेदका मुद्दा अनलाइन दर्ता भएका छन्। नेपालमा सम्बन्धविच्छेदका घटना बढ्दै गएको सो तथ्याङ्कले देखाएको छ ।

पारिवारिक समस्या, पारिवारिक संरचना र ढाँचामा दूरगामी परिवर्तन भएबाट उत्पन्न हुन्छन्। समाज विकासको ढाँचा परिवर्तनसँगै पारिवारिक संरचना र ढाँचामा परिवर्तन आउँछ । उदाहरणका लागि आर्थिक अवस्था, मनोरञ्जन र सुविधाहरू, हेरचाह र प्रेम, यौन र प्रजनन आदिले पारिवारिक संरचना र ढाँचामा भिन्नता निम्त्याउँछ, मानिसको चेतनाको स्तर वृद्धि हुँदै जान्छ र अन्त्यमा सम्बन्धविच्छेदमा गएर टुङ्गिन्छ । पति/पत्नीले वैवाहिक सम्बन्धलाई राम्ररी बुझ्न नसक्नु र अपेक्षाहरूमा भिन्नताहरू देखिनु सम्बन्धविच्छेदका कारण हुन् ।

यसको मतलब पति/पत्नीले आफ्नो विवाहबाट अपेक्षा गरेभन्दा फरक अनुभव प्राप्त गर्नु हो। उदाहरणका लागि कमाउने व्यक्तिको परिवर्तनशील भूमिका, बच्चा जन्माउनेबारे विचारहरू, जोडीबाट अवास्तविक अपेक्षाहरू दम्पतीबीच असमझदारी ल्याउने कारण हुन् ।

अहिलेको बदलिंदो समाजमा पनि महिलालाई बच्चा जन्माउने यन्त्र र मनोरञ्जनको साधनको रूपमा लिनु पनि सम्बन्धविच्छेदको कारण हुन पुग्छ ।

विगतमा एकपटक मानिसहरूले सम्बन्धविच्छेद गरेपछि, उनीहरूलाई सामाजिक बहिष्कार र समाजमा अनैतिक भन्ने शङ्का गरिन्थ्यो। त्यसैले मानिसहरू सङ्गठित भएर बस्ने गर्थे तर आज परिदृश्य फेरिएको छ। एउटा सानो गलत बुझाइ पनि अलगावको परिणाम हुन सक्छ । माथि उल्लिखित कारणहरूको साथै नेपालमा मुख्यतया चार कारणले सम्बन्धविच्छेद हुने गरेको छ ।

पहिलो हो, वैदेशिक रोजगार। आज, धेरै नेपाली युवा, मुख्यतया पुरुष र आंशिकरूपमा महिलाहरू विवाहपछि, बढ्दो पारिवारिक जिम्मेवारी वहन गर्न वैदेशिक रोजगारमा जान्छन् । सेन्टर फर स्टडी अफ लेबर एन्ड मोबिलिटीको तथ्याङ्क अनुसार नेपालबाट बर्सेनि करीब पाँच लाख युवा श्रम बजारमा प्रवेश गर्ने र चार लाख वैदेशिक रोजगारमा जाने गरेका छन्। लामो समयको लागि जोडी विछोडले एकअर्काको हेरचाह, माया र विश्वासमा कमी आउन सक्छ ।

दोस्रो, आर्थिक स्वतन्त्रता। कमाउने व्यक्ति र गृहिणीको परिभाषा परिवर्तन भएको छ । परम्परागतरूपमा पुरुष कमाउने र महिला गृहिणी थिए, तर यो परिभाषा लगभग सबै समाजमा बदलिएको छ, महिलाहरूमा आर्थिक स्वतन्त्रता बढ्दै गएको छ। इन्टरनेशनल वाटर एशोसिएशन (२०२१)ले प्रकाशित गरेको एउटा प्रतिवेदनले नेपालमा गैरकृषि क्षेत्रमा ज्यालादारी रोजगारमा महिलाको हिस्सा सन् १९९० मा १८.९ प्रतिशत मात्र रहेकोमा सन् २०२० मा ४८.८ प्रतिशत पुगेको देखाएको छ ।

तेस्रो, सामाजिक र आमसञ्चारमा सहज पहुँच र यी मिडिया प्लेटफर्महरूप्रति मानिसको ठूलो आकर्षण । नेपाल दूरसञ्चार प्राधिकरणको एक प्रतिवेदन अनुसार अहिले करीब ९१ प्रतिशत जनसङ्ख्यामा इन्टरनेटको पहुँच रहेको छ भने देशको ४१ प्रतिशतभन्दा बढी जनसङ्ख्या सामाजिक सञ्जालमा सक्रिय रहेको डाटा रिपोर्टल (२०२३) ले जनाएको छ। मानिसहरू आफ्नो अधिकार, हिंसा र विश्वव्यापी प्रवृत्तिबारे बढी सचेत छन्। महिलाहरूले यी धेरै अनलाइन प्लेटफर्महरूमा घरेलु र यौन दुवै हिंसाबारे कुरा गर्न थाले । उदाहरणका लागि, पहिले Me Too आन्दोलन र आज TikTok को व्यापकताले महिलाहरू आफ्नो अधिकारबारे बढी सजग र सचेत भएको पाइएको छ ।

चौथो, कानून र संस्कृति परिवर्तन। उदाहरणका लागि, सम्बन्धविच्छेदसम्बन्धी सिभिल ऐन २०१७ को प्रावधानले दुवै जोडीका लागि सम्बन्धविच्छेदको माग गर्न सजिलो बनाएको छ, र केही दशक अघिको तुलनामा सम्बन्धविच्छेदको सामाजिक आख्यान नै परिवर्तन भएको छ ।

विभिन्न नागरिक अधिकार र जनान्दोलनले व्यक्तिको स्वतन्त्रताको अवधारणालाई फराकिलो बनाएको छ। शिक्षा र संस्कृतिमा आएको परिवर्तनले पहिलेभन्दा आजको जीवनशैलीमा परिवर्तन भएको छ। स्वतन्त्रता पहिलो आवश्यकता भनी बुझ्न थालिएको छ ।

**निष्कर्ष**

सम्बन्धविच्छेद चाहना हो कि बाध्यता ? के यो व्यक्तिगत तुष्टिको सङ्केत हो वा लाजको कारण ? नेपाली समाजमा सम्बन्धविच्छेदको नतीजा के हुन्छ ? के राष्ट्रिय नागरिक ऐन २०१७ जस्ता कानूनले सम्बन्धविच्छेदलाई बढावा दिन थालेको हो ? आगामी १० वर्षमा देशमा सम्बन्धविच्छेदको सामाजिक प्रवृत्ति कस्तो होला ? अझ भन्नुपर्दा गाउँभन्दा शहरमा यसको चलन ज्यादै भयानक छ ।

तर नेपालको सम्बन्धविच्छेदको प्रवृत्ति बाध्यकारी र गम्भीर छ। यो प्रवृत्तिले नेपालमा सम्बन्धविच्छेद एउटा नयाँ सामाजिक समस्याको रूपमा देखा परेको सङ्केत गर्छ । सम्बन्धविच्छेदबारे जेसुकै राय होस्, वास्तविकता यो हो कि यसले परिवारलाई अव्यवस्थित पार्छ र समाजको कल्याणलाई असर गर्छ। तसर्थ सम्बन्धविच्छेदका कारण र परिणाम पहिल्याइ सम्बन्धविच्छेद समुदायदेखि नीतिगत तहसम्म रोक्नका लागि उपायहरूबारे व्यापक बहस हुनु अति आवश्यक छ ।

# ‘कृषिमा क्रान्ति गर्ने रहरलाई अभावले रोकेन’

बाग्मती, ४ कात्तिक/रासस

मकवानपुरको हेटौंडा उपमहानगरपालिका–१२ का किसान रामप्रसाद पौडेलसँग खेती गर्ने प्रशस्त जमीन नभए पनि कृषि क्षेत्रमा योगदान पुर्‍याउने रहरलाई अभावले रोकेन।

‘खाने मुखलाई जुङ्गाले छेक्दैन’ भनेझैं कृषिमा क्रान्ति गर्ने उनको रहरलाई इच्छाशक्ति र मेहनतले सार्थकता दिलाएको छ । पौडेल आफूसँग जग्गा नहुँदा पनि कृषि व्यवसाय गरेर प्रशस्त आम्दानी गर्न सकिन्छ भन्ने उदाहरण बनेका छन् । हेटौंडा–१२ मा जग्गा भाडामा लिएर पौडेलले कृषि कर्म गरिरहेका छन् ।

आफूलाई भूमिहीन किसान बताउने पौडेलले हेटौंडा–१२ मा जग्गा भाडामा लिएर कृषिकर्म गरिरहेका मात्रै छैनन्, तरकारी बेचेर मासिक ५० हजारसम्मको नाफासमेत गरिरहेका छन् ।

भाडामा लिएको करीब सात कट्ठा जग्गामा मौसम अनुसारका गोलभेंडा, काँक्रो, बन्दा, मूला, भेडे खुर्सानीलगायत विभिन्न किसिमका तरकारी उत्पादन गरेर वार्षिक रु १२ लाखसम्मको कारोबार हुने पौडेलले बताए । उनका अनुसार सबै खर्च कटाएर मासिक रु ५० हजारसम्म बचत हुने गरेको छ ।

नियमित उत्पादन हुने धान, मकैलगायत अन्नपातबाट थप आम्दानी हुने गरेको पौडेलले बताए। यस वर्षदेखि थप जग्गा भाडामा लिएर टनेलखेती विस्तार गर्ने योजना बनाएको उनले जानकारी दिए ।

यस अघि विदेशी संस्थाको सहयोगमा हेटौंडा उपमहानगरले तयार गरेको टनेलमा गोलभेंडा र बन्दाकोभी लगाएका थिए । खेती गर्न अनुदानमा प्राप्त हाते ट्याक्टर प्रयोग गर्दै आएका पौडेलले सरकारले विगतमा कृषि क्षेत्रलाई खासै महत्त्व नदिएको भएपनि हालका दिनमा सहयोग गरिरहेको बताए ।

प्राङ्गारिक मलको प्रयोग गरेर अर्गानिक खेती गर्दै आएको बताउने पौडेलले आगामी दिनमा खेती विस्तार गरी बेमौसमी तरकारी उत्पादन गर्ने योजना रहेको बताए ।

पौडेलको कृषिप्रतिको जाँगरलाई आफूले प्रोत्साहन र सहयोग गरिरहेको स्थानीयवासीसमेत रहेका जिल्ला समन्वय समितिका प्रमुख ललित घलानले बताए। उनका अनुसार जिल्लालाई कृषि उत्पादनमा आत्मनिर्भर बनाउने उद्देश्यले जिल्ला समन्वय समितिले सहयोग र समन्वयमार्फत महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ ।

(बाँकी तेस्रो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# पोखरामा प्रदर्शनकारीले निषेधाज्ञा तोड्न खोज्दा तनाव

गण्डकी, ४ कात्तिक/रासस

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का कार्यकर्ताले निषेधाज्ञा तोडेर विरोध प्रदर्शन गर्न थालेपछि पोखराको शहीदचोकमा तनावको अवस्था सिर्जना भएको छ।




जिल्ला प्रशासन कार्यालय, कास्कीले पोखरा शहीदचोक र गैह्रापाटन आसपासका क्षेत्रमा आइतवार बिहानदेखि निषेधाज्ञा जारी गरेको थियो। सहकारीको रकम अपचलनको आरोपमा पक्राउ परेका रास्वपाका सभापति लामिछानेलाई अदालत उपस्थित गराउने क्रममा कार्यकर्ताले निषेधित क्षेत्र तोडेर प्रदर्शन गर्न थालेपछि प्रहरीले प्रदर्शनकारीमाथि पानीको फोहोरा प्रहार गरेको थियो।

जिल्ला प्रशासन कार्यालयले शहीदचोकको पूर्वपट्टि वाईचोक, पश्चिमतर्फ फिस्टेल गेट, उत्तरतर्फ मालपोत कार्यालय, दक्षिणतर्फ मुस्ताङचोक र गैह्रापाटनको पालिखेचोकदेखि नवीन माध्यमिक विद्यालयसम्मको सडक क्षेत्रमा पाँचजनाभन्दा बढी व्यक्ति भेला भई अनशन, धर्ना, घेराउ, जुलुस, प्रदर्शन, सभा आदि विरोधका कार्यक्रम गर्न निषेध गरेको थियो। अर्को आदेश जारी नभएसम्म निषेधाज्ञा जारी रहने प्रमुख जिल्ला अधिकारी भरतमणि पौडेलद्वारा जारी आदेशमा उल्लेख छ।

सहकारीको बचत रकम अपचलनको



मुद्दामा पक्राउ परेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेको पक्ष र विपक्षमा प्रदर्शन हुन थालेपछि स्थानीय प्रशासनले निषेधाज्ञा जारी गरेको हो।

पोखराको सूर्यदर्शन सहकारीको रकम अपचलनमा संलग्न भएको आरोपमा सभापति लामिछानेलाई काठमाडौंबाट पक्राउ गरी शनिवार बिहान पोखरा ल्याइएको थियो। उनलाई आज कास्की जिल्ला अदालतमा उपस्थित गराइएको छ।

पोखराको सूर्यदर्शन सहकारीका संस्थापक अध्यक्ष गीतेन्द्रबाबू (जिबी राई) सँग मिलेर सभापति लामिछानेले गोर्खा मिडिया नेटवर्कमा रकम ल्याएर अपचलन गरेको विषयमा उनीविरुद्ध जिल्ला प्रहरी कार्यालय, कास्कीले अनुसन्धान गरिरहेको छ।

**सभापति लामिछानेलाई अदालतमा उपस्थित गराइयो**

सभापति लामिछानेलाई आज जिल्ला अदालत कास्कीमा उपस्थित गराइएको छ।

शुक्रवार पक्राउ परी शनिवार बिहानदेखि जिल्ला प्रहरी कार्यालय कास्कीको हिरासतमा रहेका उनीविरुद्ध अनुसन्धान गर्न म्यादको अनुमतिका लागि अदालतमा उपस्थिति गराइएको हो।

सभापति लामिछानेलाई अदालत लैजाने क्रममा रास्वपाका सासंद, नेता तथा कार्यकर्ताले विरोध गरेका थिए। अदालत जानुपूर्व सभापति लामिछानेले कानूनी प्रक्रियालाई सहयोग गर्नुपर्ने प्रतिक्रिया दिएका थिए।

# पर्यटन कृषि तथा व्यापारिक महोत्सवको तयारीमा युवा

राजविराज (सप्तरी), ४ कात्तिक/रासस

सांस्कृतिक पर्यटन, कृषि तथा व्यापारिक महोत्सव अन्तर्गत 'राजविराज महोत्सव'को तयारीमा यहाँका युवा जुटेका छन्। राजविराज नगरपालिकाको सहकार्य र सप्तरी युथ क्लबको विशेष सहयोगमा यही कात्तिक ९ देखि २६ गतेसम्म मेला सञ्चालन हुनेछ।

ड्रिम नेपाल युवा सङ्घको आयोजनामा राजविराजस्थित राजरङ्गशाला (खेलमैदान)मा हुने राजविराज महोत्सवको तयारी तीव्र गतिमा भइरहेको सङ्घका अध्यक्ष कमलकिशोर साहले जानकारी दिए। "यहाँका युवाको सक्रियतामा जिल्लाको पहिचानसँगै सांस्कृतिक पर्यटन र कृषि क्षेत्रको विकास गर्ने उद्देश्यले मेलाको आयोजना गर्न लागेका छौं," उनले भने, "मेलाको तयारी भइरहेकाले स्थानीय तथा सरोकार भएका सबैको साथ र सहयोग आवश्यक पर्छ।"

तिहारमा विभिन्न ठाउँबाट आफ्नो गाउँघर आएका युवा, विद्यार्थी र नगरवासीको सहयोगमा सप्तरीको पहिचानलाई उजागर गर्ने उद्देश्यले राजविराज महोत्सव सांस्कृतिक मेलाको आयोजना गर्न लागिएको सङ्घका अध्यक्ष साहले बताए।

मेलाका लागि अहिले राजरङ्गशालामा बाँसबाट घेराबेरा गर्ने, सरसफाइ तथा स्टल निर्माणलगायत काम भइरहेको युवा मुस्तकिम आलमले बताए। मेलामा ६० स्टल राखिने आयोजकले जनाएको छ।

स्थानीय कला, संस्कृति, परम्परा तथा युवाको सक्रियतालाई प्रवर्द्धन गर्ने उद्देश्यले मेला आयोजना गर्न लागिएको आलमले बताए। युवाको सहभागितालाई प्रोत्साहन गर्ने, समाजमा सकारात्मक परिवर्तन ल्याउने गरी युवा पुस्तालाई सक्रिय बनाइएको आयोजकको भनाइ छ।

यसैबीच, यही कात्तिक ९ गतेदेखि राजविराजमा हुने 'राजविराज महोत्सव–२०८१' मा विभिन्न सङ्घसङ्गठनले समर्थन जनाएका छन्। संयुक्त विज्ञप्ति जारी गर्दै महोत्सव सफल पार्न सरोकार भएकालाई आग्रहसमेत गरिएको छ।

राष्ट्रिय युवा सङ्घ नेपालका जिल्ला इन्चार्ज चितरञ्जन यादव, अनेरास्ववियु अध्यक्ष रञ्जीवकुमार साह, नेपाल तरुण दल सप्तरीका अध्यक्ष अर्जुन यादव, नेपाल विद्यार्थी सङ्घ सप्तरीका अध्यक्ष राकेश ठाकुर र अखिल क्रान्तिकारी सप्तरीका अध्यक्ष कौशल साह, महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पसका स्वतन्त्र विद्यार्थी युनियन सचिव सुनील मण्डल र विद्यार्थी जनमत सङ्घका अध्यक्ष रामभजन मण्डलले संयुक्त प्रेस विज्ञप्ति जारी गरी महोत्सव सफल बनाउन सहयोगका लागि आह्वान गरेका छन्।




**र्‍याली:** गृह श्रमिक दिवसका अवसरमा आइतवार काठमाडौंको भृकुटीमण्डपमा निकालिएको र्‍यालीमा सहभागी श्रमिकहरू। तस्बिर: चन्द्रकला क्षेत्री/रासस



**वीरगंजमा तरकारीबजार:** वीरगंजको गीतामन्दिरनजीकैको तरकारीबजारबाट तरकारी खरीद गर्दै उपभोक्ता। तस्बिर: हिमाल लम्साल/रासस

# साना किसानको पाँचौं साधारणसभा सम्पन्न

प्रस, सिम्रौनगढ, ४ कात्तिक/

साना किसान कृषि सहकारी संस्थाको पाँचौं साधारणसभा सिम्रौनगढ नगरपालिका–७ कङ्काली माविको प्राङ्गणमा आइतवार सम्पन्न भएको छ।

कार्यक्रममा संस्थाको सञ्चालक समितिकी अध्यक्ष ललिता देवी, नीतुशिला कुमारी र प्रबन्धक दिलीपकुमार कर्णले प्रतिवेदन प्रस्तुत गरेका थिए। कार्यक्रममा शेयरधनी र छात्रछात्राहरूलाई सम्मान गरिएको थियो।



कार्यक्रममा सिम्रौनगढ नगरपालिकाका प्रमुख किशोरी साह कलवार, कृषि ज्ञान केन्द्र कलैयाको प्रमुख राजनारायण साह, अध्यक्ष मिश्रीलाल सहनी, विनोदकुमार पण्डित, रामबाबू प्रसाद यादव, पत्रकार रामेश्वर मेहता, रामबाबू मेहता, पुष्पराज खतिवडा, कान्तिदेवी चौधरी, अनञ्जयकुमार निरालालगायतले मन्तव्य व्यक्त गरेका थिए।

कार्यक्रममा उपप्रबन्धक पासपति कुमारीले स्वागत र प्रबन्धक कर्णले सहजीकरण गरेका थिए।

# नेप्से परिसूचक ४७.४४ अङ्कले घट्दा आठ अर्बभन्दा बढीको कारोबार

काठमाडौं, ४ कात्तिक/रासस

नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक आइतवार एक दशमलव ७२ प्रतिशत अर्थात् ४७ दशमलव ४४ अङ्कले घटेर दुई हजार ६९१ दशमलव ९१ अङ्कमा झरेको छ।

नेप्सेका अनुसार आज विभिन्न कम्पनीका दुई करोड आठ लाख ६८ हजार ९१९ कित्ता शेयर रु आठ अर्ब १८ करोड दुई लाख ६२ हजार ५७२ दशमलव १२ मा कारोबार भएका छन्।

आजको कारोबारमा म्युचुअल फन्डबाहेकका सबै उपसमूहका सूचक रातो देखिएका छन् भने म्युचुअल फन्डको सूचक स्थिर छ। नेप्सेका अनुसार कुथेली बुखरी स्मल हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने इस्टर्न हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ।

आज कुथेली बुखरी स्मल हाइड्रोपावर लिमिटेडको १० प्रतिशत, ङादी ग्रुप पावर लिमिटेडको नौ दशमलव ८९ प्रतिशत, हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेडको पाँच दशमलव ९१ प्रतिशतले शेयर मूल्य बढेका छन्। साथै इस्टर्न हाइड्रोपावर लिमिटेडको शेयर मूल्य १० प्रतिशत, गुडविल फाइनान्स लिमिटेडको आठ दशमलव ४१ प्रतिशत, एनआइसी एशिया ऋणपत्र २०८२/८३ को पाँच दशमलव ८३ प्रतिशतले शेयर मूल्य ओरालो लागेका छन्।

# उपचार खर्च बेहोर्न नसक्ने जलनपीडितको निश्शुल्क उपचार गर्ने निर्णय

काठमाडौं, ४ असोज/रासस

सरकारले उपचार खर्च बेहोर्न नसक्ने जलनपीडितको निश्शुल्क उपचार गर्ने निर्णय गरेको छ। आइतवार मन्त्रिपरिषद् बैठकको निर्णय सार्वजनिक गर्दै सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं सरकारका प्रवक्ता पृथ्वीसुब्बा गुरुङले कस्मेटिकबाहेकको जलन उपचारको व्यवस्था निश्शुल्क गर्ने निर्णय भएको जानकारी दिए।

सरकारले कोशी प्रदेशमा बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, मधेस प्रदेशमा नारायणी अस्पताल, बाग्मती प्रदेशमा कीर्तिपुर अस्पताल, गण्डकी प्रदेशमा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, लुम्बिनी प्रदेशमा भेरी अस्पताल, कर्णाली प्रदेशको सुर्खेत प्रादेशिक अस्पताल र सुदूरपश्चिम प्रदेशको सेती प्रादेशिक अस्पतालमार्फत निश्शुल्क उपचारको व्यवस्था गरिने जनाएको हो।

स्वास्थ्य मन्त्रालयको आकलन अनुसार नेपालमा वार्षिक ५७ हजार व्यक्ति जलनबाट प्रभावित हुन्छन्। हालसम्म जलनको उपचार कीर्तिपुर अस्पताल, त्रिवि शिक्षण अस्पताल, पाटन अस्पताल र सुषमा मेमोरियल अस्पतालमा हुँदै आएको छ। वीर अस्पतालले लामो समयदेखि बन्द रहेको बर्न युनिट यही भदौदेखि सञ्चालनमा ल्याइसकेको छ।

### कृषिमा.....

तरकारी उत्पादन, पशुपालन, माछापालन र अन्य कृषि उपजको उत्पादनमा मकवानपुरका हरेक स्थानीय तहबीच अनुभव, प्रविधि र सीप आदानप्रदान गराएर कृषि उत्पादनमा जिल्लालाई अगाडि बढाउन आफूहरू लागिरहेको जिसस प्रमुख घलानले बताए। पौडेल जस्ता कृषि कर्ममा रुचि भएका नागरिकलाई सहयोगका लागि समन्वय गरिने उनको भनाइ छ।

बाग्मती प्रदेशका कृषि तथा पशुपक्षी विकासमन्त्री प्रकाश श्रेष्ठले प्रदेश सरकारले कृषि उत्पादनलाई पहिलो प्राथमिकतामा राखेको बताए। कृषि उत्पादन बढाउने गरी शुरू गरिएको कृषि उद्यमलाई सदैव सहयोग गरिने उनको भनाइ छ। सरकारको प्राथमिकता एकीकृत खेती भएकाले सोही अनुसार एकीकृत खेती प्रणालीलाई सहयोग गर्दै आधुनिक कृषिमा जोड दिने उनले बताए।

कृषि क्षेत्र विकासको मेरुदण्ड रहेको भन्दै मन्त्री श्रेष्ठले आर्थिक समृद्धि प्राप्त गर्न कृषिलाई प्रवर्द्धन गर्नुपर्ने भन्दै कृषि उत्पादनमा जोड दिन सबैलाई आग्रह गरे। प्रदेश सरकारको कृषि र पशुपालन सँगसँगै लैजाने नीति रहेको बताउँदै कृषिलाई निर्वाहमुखीभन्दा पनि व्यावसायिक र प्रविधिमैत्री बनाउनुपर्नेमा उनले जोड दिए।

प्रदेशका ११९ वटै स्थानीय तहमा कम्तीमा एउटा कृषि केन्द्र स्थापना गर्ने योजना प्रदेश सरकारको रहेको बताउँदै मन्त्री श्रेष्ठले 'एक गाउँ एक उत्पादन क्षेत्र'को अवधारणामा सरकार अघि बढ्ने जानकारी दिए। उनले विपद्का कारण कृषि क्षेत्रमा भएको क्षतिपूर्तिका लागि कार्यक्रम ल्याइने बताउँदै उचित तटबन्धको व्यवस्था गर्न, कृषिमा लागत कम गरी उत्पादन बढाउन सरकारले योजनाबद्धरूपमा काम गर्ने जानकारी दिए।

पौडेल मात्र नभई हेटौंडा–१२ र १३ तथा हाँडीखोला क्षेत्र तरकारी उत्पादन, बाखापालन, माछापालन, मेवा, तिलफललगायत उत्पादनका लागि प्रसिद्ध रहेकाले कृषि फार्म सञ्चालन गरिएको यहाँका किसान बताउँछन्। यो क्षेत्र जिल्लाका लागि मात्र नभएर चितवन, बारा, पर्सा, रौतहटलगायत जिल्लामा तरकारी र माछाका लागि प्रसिद्ध छ।

यहाँको काउली तथा आलुको मूल्य बजारमा तराई क्षेत्रबाट आउने आलु काउलीको तुलनामा १५ देखि २० प्रतिशतसम्म महँगो पर्ने तरकारी व्यापारी बताउँछन्। हेटौंडामा अन्य क्षेत्रको तुलनामा यस क्षेत्रको माछा रु ५० प्रतिकिलो महँगोमा बिक्री गर्न सकिने माछा व्यापारी बृजेन्द्र माझीले बताए।

प्रतीक



# सन्तुलित परराष्ट्र नीति नै हाम्रो मार्गदर्शन

विचार



डा शिवमाया तुम्वाहाङ्फे

**यतिबेला मध्य एशिया, पूर्वी एशिया र अफ्रिकामा हतियारको होडबाजी र युद्ध चलिरहेको छ। यसमा हामीले नरशंहारकारी बाटोमा नजान सम्बद्ध पक्षसँग आग्रह गर्ने हो। विश्वयुद्धकालमा जस्तो हतियार र बलले नियम कानून थोपर्ने बाटोबाट होइन, संवाद र कूटनीतिको बाटोबाट जाउँ भन्ने हाम्रो सन्देश हो।**

हाम्रो जस्तो मिश्रित निर्वाचन प्रणाली भएका मुलुकमा कुनै एउटा दलले स्पष्ट बहुमत ल्याउन सक्ने देखिंदैन। त्यति बेला दुई वा दुईभन्दा बढी दलहरू मिलेर सरकार बनाउनुपर्ने हुन्छ। यस अघि संसद्मा तेस्रो राजनीतिक दलले कहिले पहिलो त कहिले दोस्रो दलको साथ लिएर सरकारको नेतृत्व गरेको थियो।

यसपटक पहिलो र दोस्रो दलको संयुक्त सरकार गठन भएसँगै राजनीतिक स्थिरता भएको छ। जनताको निराशा, राजनीतिक स्थायित्व, भ्रष्टाचार नियन्त्रण, सुशासन, आर्थिक विकास, सामाजिक न्याय र समृद्धिको बाटोमा देशलाई लैजानै पर्ने आवश्यकताले दुई ठूला दल नेकपा (एमाले) र नेपाली काङ्ग्रेसको संयुक्त सरकार गठन भएको छ। देशका विद्यमान समस्याहरू समाधान गरेर विकास गर्ने र सुशासनको अनुभूति गराइ जनतामा आशा जगाउने उद्देश्यले गठन भएको वर्तमान सरकारले राजनीतिक स्थायित्व र आर्थिक विकासलाई गति प्रदान गर्ने मूलभूत उद्देश्य लिएर अघि बढेको छ। जनताको बढ्दो निराशा आशामा परिणत भएको छ। वर्तमान सरकार गठनपछि जनताले प्रत्यक्ष अनुभूत गर्ने खालका ठोस परिवर्तन नभए पनि दीर्घकालीन परिणाम दिने काम भएका छन्।

सरकार गठन भएको सय दिनको अवधिमा वर्षौंदेखि अड्किएको शान्ति प्रक्रियाको महत्त्वपूर्ण विषय बेपत्ता पारिएका व्यक्तिको छानबीन, सत्य निरूपण तथा मेलमिलाप आयोगसम्बन्धी (टिआरसी) विधेयकलाई संसद्ले पारित गरेको छ। शान्ति प्रक्रियाको लामो समयदेखि सङ्कटमा परेको सङ्क्रमणकालीन न्यायसम्बन्धीको विधेयक पारित गराउन सफल र सक्षम यो सरकारले नै अब मुलुकको भाग्य र भविष्य निर्माण गर्छ भन्ने सङ्केत गरेको छ। यो विषय हाम्रो आन्तरिक मामिला मात्र नभएर विश्व समुदायकै लागि शान्ति प्रक्रियामा नेपालले गरेको उदाहरणीय कार्य पनि हो। सरकार सञ्चालनलाई प्रभावकारी र गतिशील बनाउन सरकारको नेतृत्व गरिरहेको नेकपा (एमाले) र अर्को मुख्य साझेदार नेपाली काङ्ग्रेसले आवश्यक सल्लाह सुझाव दिइरहेका छन्। यसले सरकार र पार्टीबीचको सम्बन्धलाई थप मजबूत बनाएको छ।

नेपालीको महान् चाड दशैंको मुखमा भएको प्राकृतिक विपद्ले ठूलो जनधनको क्षति गरायो। मौसमविद्हरूले पूर्वसूचना दिंदादिंदै पनि आवश्यक पूर्वतयारी र सावधानी अपनाउन नसक्दा ठूलो क्षति हुन पुग्यो। यद्यपि सरकारले तत्कालै विपद् प्रभावित जनताको उद्धार, राहत र पुनर्स्थापनासँगै भत्किएका सडकको मर्मत एवं वैकल्पिक व्यवस्था गरी छोटो समयमैं जनजीवनलाई सामान्यीकरण गराउन सकेको छ। सरकारले ४१ वटा स्थानीय तहलाई विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गर्ने निर्णय गरेको छ। विपद्सँग सामना गर्ने राष्ट्रिय क्षमताको विकास गर्नु अति जरुरी छ। विपद् व्यवस्थापनमा सरकारको मात्रै नभएर सङ्घसंस्था र नागरिकस्तरबाट पनि उत्तिकै क्रियाशीलता हुन आवश्यक हुन्छ।

**विदेश सम्बन्धका कुरा**

वैदेशिक सम्बन्धतर्फ पनि सरकारले सय दिनको अवधिमा सकारात्मक दिशा लिएको पाइन्छ। वैदेशिक सम्बन्ध हाम्रो संविधान र कानूनले निर्देशित गरेका व्यवस्थाहरूको आधारमा विकसित हुने कुरा हो। छिमेकीलगायत अन्य मित्र राष्ट्रहरूसँग रहँदै आएको परम्परागत मैत्री सम्बन्धलाई समयानुकूल गर्दै लैजाने र अन्य राष्ट्रसँग सम्बन्ध विस्तार गर्दै लैजानुपर्ने हुन्छ। नेपालले नैतिक मूल्यका आधारका साथै गौतम बुद्ध, शान्ति र सहनशीलताको देशका रूपमा आफूलाई चिनाउनुपर्छ भन्ने नै हाम्रो मान्यता हो। नेपाल सन् २०२६ सम्म विकासशील मुलुकमा स्तरोन्नति हुँदै गर्दा नेपालले साझेदारी र विदेशी दातृ निकायबाट लिइने सहयोगका ढाँचामा परिवर्तन गर्नु आवश्यक छ। दिगो विकासको २०३० एजेन्डा पूरा गर्न नेपालले गरेको प्रयास र त्यसका लागि आवश्यक सहयोग विस्तारमा जोड दिनुपर्नेछ।

राष्ट्रियता, स्वाधीनता र स्वतन्त्रताको मुद्दा विगतमा जति ओझेल परेका थिए, त्यसलाई सुधारेर एउटा सन्तुलित परराष्ट्र नीतिको सिद्धान्त अवलम्बन गर्नुपर्ने सरकारको पहिलो प्राथमिकतामा रहेको छ। परराष्ट्र नीति अन्तर्गत दुवै छिमेकी मुलुकहरूसँग र अरू हाम्रा सहयोगी मुलुकहरूसँगको सम्बन्धलाई सन्तुलित, व्यवस्थित र मर्यादित बनाउने काम शुरू गरिसकेको देखिन्छ। पञ्चशील र असंलग्नता जस्ता सिद्वान्तका आधारमा अन्य मुलुकहरूसँगको सम्बन्ध विकसित हुँदै आएको छ। ती मुलुकसँगको सम्बन्धलाई अझ विकसित गर्नको लागि सरकारले राजदूतहरू पठाउने गर्छ। वर्तमान सरकार गठनपछि विभिन्न मुलुकको लागि राजदूतको सिफारिश भइसकेको छ। राजदूतहरूले सम्बन्धित देशसँगको सम्बन्धलाई अझ प्रगाढ तुल्याउँदै मुलुकको हित अनुकूल सहयोगका क्षेत्रहरूमा सहजीकरण गरी दुई देशबीचको पुलको रूपमा काम गर्नुपर्ने हुन्छ। राजदूतको सफलता त्यस देशका सरकार, नागरिक समाज र प्रबुद्ध वर्गसँग गरिने अन्तर्क्रियामा समेत निर्भर रहने गर्छ। सरकारले मलाई पनि दक्षिण कोरियाको राजदूतमा सिफारिश गरेको सन्दर्भमा मैले सिङ्गो राष्ट्रको प्रतिनिधित्व गर्दै नेपालको इज्जत, गरिमालाई वृद्धि गर्न इमानदार भएर कर्तव्य निर्वाह गर्नेछु।

वर्तमान सरकार गठनपछि छिमेकी मुलुकसँगको सम्बन्ध अझ विस्तार भएको छ। उच्चस्तरीय भ्रमणाहरूको आदानप्रदान हुने क्रम शुरू भएको छ। भर्खरै प्रधानमन्त्री केपी शर्मा ओलीले संयुक्त राष्ट्रसङ्घीय महासभामा सहभागी भएर अन्तर्राष्ट्रियजगत्मा नेपालको परिचय अभिवृद्धि गराउन महत्त्वपूर्ण भूमिका खेल्नुभएको छ। यसपटक नेपालको प्रस्तुति र 'इन्गेजमेन्ट' विगतको भन्दा केही फरक देखिएको थियो। त्यस क्रममा विभिन्न देशका सरकार एवं राष्ट्रप्रमुखहरूसँगको भेटवार्ता तथा विभिन्न फोरमहरूमा सम्बोधन गर्ने क्रममा नेपालको सम्भावना, वर्तमान अवस्था र नेपालले विश्व समुदायमाझ राखेको अपेक्षाका बारेमा प्रस्टरूपमा धारणा राखेका छन्।

प्रधानमन्त्री केपी शर्मा ओलीबाट भएको सम्बोधन तथा द्विपक्षीय भेटवार्तामा व्यक्त विश्व शान्ति, मानव–पृथ्वीको रक्षा, जलवायु न्याय, गरीबी निवारण, लोकतन्त्र र आर्थिक रूपान्तरणका यात्रामा नेपालको प्रयासबारे अवगत भएको छ। विश्वशान्ति, जलवायु परिवर्तन र विकासबारे अन्तर्राष्ट्रिय समुदायसँगका अपेक्षाबारे नेपालले स्पष्ट धारणा राखेको छ। 'फ्युचर अफ दी समिट' र महासभामा भएको सम्बोधनमा प्रधानमन्त्रीले अल्पविकसित मुलुकका आवाजलाई प्रस्तुत गरेका छन्। नेपाललाई सगरमाथाको देश वा बुद्धको देशका रूपमा मात्र नभई यहाका डाँफे, एक सिङ्गे गैंडा जस्ता विश्वमा दुर्लभ वस्तुका आधारमा समेत परिचित गराउन सकिने विषयलाई उजागर गर्नुभएको छ। त्यस अवसरमा नेपालले शान्ति प्रक्रियाको विषयमा गरेको उदाहरणीय कार्यलाई विश्व समुदायले निकै प्रशंसा पनि गरेको थियो। समग्रमा हिमाली मुलुक, अल्पविकसित मुलुकले भोग्नुपरेको चुनौती नेपालको नेतृत्वमा विश्वका नेतृत्वलाई सुनाउनु अर्को गर्वको विषय यसपटकको महासभा बन्यो।

यतिबेला मध्य एशिया, पूर्वी एशिया र अफ्रिकामा हतियारको होडबाजी र युद्ध चलिरहेको छ। यसमा हामीले नरशंहारकारी बाटोमा नजान सम्बद्ध पक्षसँग आग्रह गर्ने हो। विश्वयुद्धकालमा जस्तो हतियार र बलले नियम कानून थोपर्ने बाटोबाट होइन, संवाद र कूटनीतिको बाटोबाट जाउँ भन्ने हाम्रो सन्देश हो। हामी द्वन्द्वरत पक्षको पक्षधरतामा नरहेर शान्तिका लागि सन्देश दिन सक्छौं। २१औं शताब्दीमा हतियार र युद्धबाट जित्न खोज्ने बाटोले मानवता र पृथ्वी रहँदैन। नेपालको मौलिक शान्ति र सद्भावको सन्देशबाट अरूले पाठ सिक्न सक्छ। नेपालको सफल शान्ति प्रक्रियाको मौलिक अनुभवलाई युद्धरत मुलुकले लिन सक्छन् भन्ने कुरालाई प्रधानमन्त्रीले महासभामा सहभागी हुँदा पनि सन्देश दिनुभएको छ। (प्रस्तुत विचार पूर्वमन्त्री एवं दक्षिण कोरियाका लागि प्रस्तावित राजदूत डा तुम्बाहाङ्फेसँग राससका आलेख प्रमुख कृष्ण अधिकारीले गरेको कुराकानीमा आधारित)



**जङ्गालगाउँः** रूकुम पश्चिमको सानीभेरी गाउँपालिका वडा नं १ स्थित भेरी नदीको काखमा अवस्थित जङ्गालगाउँ। तस्बिरः दीपक बोहरा/रासस

## फरक समाचार

# मान्छे गलत भएर पनि आफूलाई सही किन ठान्छन्

धेरैपटक तपाईंले देख्नुभएको होला बहसमा मान्छे पूर्णतया गलत भएर पनि आफूलाई सही ठान्छन्। यो स्थिति निकै निराशाजनक हुन सक्छ, तर अब एउटा



नयाँ अध्ययनले यसको पछाडि मनोवैज्ञानिक कारण बुझेको छ। हालै गरिएको अनुसन्धानले भनेको छ व्यक्ति गलत भएपनि उसले आफूलाई सही मान्ने आत्मविश्वास राख्छ। यसको मुख्य कारण यो हो कि उसले प्रायः यही मान्छ कि ऊसँग सही निर्णय गर्न पर्याप्त जानकारी छ, भलै यसको उसलाई पूर्ण जानकारी हुँदैन।

ओहायो स्टेट युनिभर्सिटीका अङ्ग्रेजीका प्राध्यापक एङ्गस फ्लेचर (जो यस अध्ययनका सहलेखक हुन्) भन्छन्– हाम्रो मस्तिष्क यो मान्न अति आत्मविश्वासी हुन्छ कि थोरै जानकारीमा पनि उचित निष्कर्षमा पुग्न सकिन्छ। अध्ययनले भनेको छ कि मानिस छिटै निर्णयमा पुग्छन्, र आफूसँग भएको जानकारीको आधारमा आफ्नो राय बनाउँछन्, चाहे त्यो अपूर्ण नै किन नहोस्। यो अध्ययन प्लोस वन जर्नलमा प्रकाशित भएको छ।

**अनुसन्धान प्रक्रिया :** अध्ययनमा एक हजार ३०० व्यक्तिलाई प्रयोग गरियो, जसको सालाखाला उमेर लगभग ४० वर्ष थियो। उनीहरूलाई काल्पनिक कथा दिइयो। करीब ५०० जनालाई तीनवटा तर्क दिइयो, जो मुद्दाको विपक्षमा थिए, उनीहरूलाई एउटा तटस्थ बिन्दु दिइयो। अन्तमा ३०० जनालाई नियन्त्रण समूहको रूपमा राखिएको थियो, जसलाई पढ्नको लागि सातवटा तर्क दिइयो। तीन सकारात्मक, तीन नकारात्मक र एक तटस्थ। जब अन्वेषकहरूले यी समूहहरूलाई उनीहरूको राय सोधे, अधिकांश त्यस तर्कबाट सहमत थिए, जो उनीहरू पढ्थे। उनीहरू यस कुरामा आत्मविश्वास महसूस गर्थे कि उनीहरूसँग त्यस रायको पक्षमा पर्याप्त जानकारी छ।

**के मानिस आफ्नो विचार परिवर्तन गर्छन् :** यद्यपि जब उनीहरूलाई विरोधी पक्षको जानकारी दिइयो, तब धेरैजना आफ्नो विचार परिवर्तन गर्न तयार भए। फ्लेचर भन्छन्– हामीलाई लाग्यो मानिस आफ्नो प्रारम्भिक रायप्रति अडिग रहन्छ तर यस्तो भएन। यदि उनीहरूले कुनै नयाँ जानकारी पाउँछन्, जुन प्रासङ्गिक लाग्छ, तब उनीहरू आफ्नो विचार बदल्न तयार हुन्छन्।

# मनतातो पानी स्वास्थ्यको लागि सही हुन्छ

पानी हाम्रो जीवनको लागि अति आवश्यक वस्तु हो। किनभने मानव शरीरका अधिकांश भाग यसबाट बनेको हुन्छ। हावापछि बाँच्नको लागि यो





सबैभन्दा महत्त्वपूर्ण मानिन्छ। स्वास्थ्य विशेषज्ञहरूले हामीलाई सामान्य पानीको सट्टा मनतातो पानी पिउन सल्लाह दिन्छन्। तर के तपाईंलाई थाहा छ, एक महीनासम्म मनतातो पानी पिउँदा स्वास्थ्यमा कस्तो असर पर्छ ? फाइदा र बेफाइदा बुझेर मात्रै मनतातो पानी पिउन पोषणविद् निखिल वत्स सुझाव दिन्छन्।

### मनतातो पानी पिउनुका फाइदाहरु

**चम्किलो छाला :** छाला हेरचाह विशेषज्ञका अनुसार यदि व्यक्तिले एक महीनासम्म मनतातो पानी पिउँछ भने उसको छाला चम्किलो हुन्छ र छालाको धेरै समस्या हट्छ।

**जाडो मौसममा लाभ :** मनतातो पानीले विशेषगरी जाडो मौसममा शारीरिक स्वास्थ्य सुधार्न मदत गर्छ। यसले रुघाखोकी, ज्वरोजस्ता रोगसँग लड्ने शक्ति प्रदान गर्छ।

**वजन नियन्त्रण :** मनतातो पानी पिउनाले तौल नियन्त्रण गर्न मदत गर्छ, किनकि यसले भोक कम गर्छ र चयापचय बढाउँछ।

### मनतातो पानी पिउनुका बेफाइदाहरु

**शरीरमा पोषक तत्त्वको कमी :** यदि तपाईंले एक महीनासम्म मनतातो पानी मात्र पिउनुभयो भने तपाईलाई आवश्यक पोषक तत्त्व र भिटामिनको कमी हुन सक्छ, जसले शरीरमा धेरै समस्या निम्त्याउन सक्छ।

**शारीरिक समस्याहरू :** मनतातो पानी पिउँदा शारीरिक समस्या आउन सक्छ। जस्तै पिसाब फेर्न गाह्रो हुनु, थकान लाग्नु र बारम्बार पिसाब लाग्नु आदि।

राम्रो स्वास्थ्यको लागि आवश्यकता अनुसार मनतातो पानी पिउन सकिन्छ तर मनतातो पानी मात्र पिउँदा स्वास्थ्यमा हानि पुग्छ। यसको मात्रा चिकित्सकसँग कुरा गरेर निश्चित गर्नुपर्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## खाली गर्ने चेतावनीपछि बेरुतमा इजरायली आक्रमण

बेरुत, ४ कात्तिक/एएफपी

इजरायली सेनाले लेबनानको हिजबुल्लाह आन्दोलनको गढ खाली गर्न नागरिकहरूलाई चेतावनी दिएपछि आइतवार दुई इजरायली हवाई आक्रमणले दक्षिण बेरुतलाई लक्षित गरेको छ।


इजरायलद्वारा बेरुतमा भएको हवाई हमलाको दृश्य। तस्वीरः एएफपी

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले आफ्नो निवासमा आक्रमण गरेर आफ्नो हत्या गर्ने प्रयास गरेको इरान–समर्थित हिजबुल्लाह आन्दोलनमाथि आरोप लगाएपछि यी आक्रमण भएका हुन्।

राष्ट्रिय समाचार एजेन्सीले भनेको छ, "शत्रु (इजरायली) विमानहरूले आज बिहान हारेत ह्रेइकमा एक मस्जिद र अस्पतालनजीकै एक आवासीय भवनलाई निशाना बनाउँदै बेरुतको दक्षिणी उपनगरहरूमा दुईवटा आक्रमण गरे।"

इजरायली सेनाले यस अघि नै छिमेकमा हिजबुल्लाहसँग सम्बद्ध भनिएका भवनहरूनजीक बस्ने नागरिकहरूलाई तुरुन्तै खाली गर्न 'जरुरी चेतावनी' जारी गरेको थियो।

सेनाका अरबी प्रवक्ता अभिचय अद्राईले टेलिग्राममा भनेका थिए, "तपाईं हिजबुल्लाहसँग सम्बद्ध सुविधा र हितहरूनजीक हुनुहुन्छ, हिजबुल्लाहविरुद्ध आइडिएफ (इजरायली सेना)ले निकट भविष्यमा कारबाई गर्नेछ।"

केन्द्रीय शहर कैसरियामा प्रधानमन्त्रीको निवासतर्फ एउटा ड्रोन प्रक्षेपण गरिएको तर प्रधानमन्त्री नेतन्याहू र उनकी पत्नी घरमा नभएकाले कोही पनि घाइते नभएको नेतन्याहूको कार्यालयले शनिवार बताएको थियो।

"आज मेरो र मेरी पत्नीको हत्या गर्ने इरानको प्रतिनिधि हिजबुल्लाहको प्रयास एक गम्भीर गलती थियो," तेहरान र यसका प्रतिनिधिहरूलाई लक्षित गर्दै नेतन्याहूले वक्तव्यमा भने, "जसले इजरायलका नागरिकहरूलाई हानि पुऱ्याउने प्रयास गर्छ, उसले भारी मूल्य चुकाउनुपर्नेछ, यसमा इजरायलसँग गत सेप्टेम्बरदेखि युद्धमा रहेको लेबनानको हिजबुल्लाह पनि समावेश छ।"

इरानले नेतन्याहूको निवासमा भएको आक्रमणको पछाडि हिजबुल्लाहको हात रहेको बताएको छ। हिजबुल्लाहलाई इरानले हतियार तथा वित्तीय सहयोग गर्छ।

इरानको आधिकारिक आइआरएनए समाचार एजेन्सीका अनुसार आक्रमणमा आफ्नो भूमिकाबारे सोधिएको प्रश्नको जवाफमा संयुक्त राष्ट्रसङ्घमा इरानको मिसनले भन्यो, "यो कार्य लेबनानी हिजबुल्लाहद्वारा गरिएको थियो।" हिजबुल्लाहले आक्रमणको दाबी गरेको छैन।

इजरायलले अक्टोबर १ को क्षेप्यास्त्र प्रहारका लागि आफ्नो क्षेत्रीय शत्रु इरानविरुद्ध बदला लिने प्रतिज्ञा गरेको छ। इरानले जवाफी कारबाई गर्ने चेतावनी दिएको छ। रासस

## ६० वर्षकी ह्यारिसलाई ट्रम्पको उमेरबारे कुरा गर्न रुचि

अटलान्टा, ४ कात्तिक/एएफपी

अमेरिकी इतिहासमा सबैभन्दा वृद्ध राष्ट्रपति उम्मेदवार बनेका ७८ वर्षीय डोनाल्ड ट्रम्पसँगको कडा चुनावी प्रतिस्पर्धाको अन्तिम चरणमा कमला ह्यारिस आइतवार ६० वर्ष पुग्दै छिन्।

उमेर पनि एउटा महत्त्वपूर्ण कारक बनेको छ। वृद्ध उमेरकै कारण निर्वाचन अभियानमा राष्ट्रपति जो बाइडेनले आफ्नो क्षमताप्रतिको चिन्ताले चुनावी दौड परित्याग गरे। त्यसपछि ह्यारिसले ह्वाइट हाउसका लागि ट्रम्पको मानसिक स्वस्थतामाथि लगातार निशाना साँधेकी छन्।

मतदान हुने दिनभन्दा मात्र दुई साता अघि डेमोक्रेटिक उपराष्ट्रपति र रिपब्लिकन अर्बपति कडा दौडमा छन्। सर्वेक्षणहरूले प्रभावकारीरूपमा दुवैजना बराबरीमा रहेको सङ्केत गरेका छन्।

दुवै उम्मेदवार आइतवार फेरि पेन्सिलभेनियामा हुन्छन्। पेन्सिलभेनियालाई नोभेम्बर ५ को परिणाम निर्णय गर्ने अपेक्षा गरिएका सात प्रमुख राज्यमध्ये जित्नै पर्ने युद्धभूमि मानिन्छ।

ट्रम्पविरुद्धको विनाशकारी बहसले डेमोक्रेटिक पार्टीमा आफ्नो मानसिक तीक्ष्णताबारे चिन्ता उठाएपछि बाइडेनले ह्यारिसलाई उम्मेदवारी हस्तान्तरण गरे। तर सर्वेक्षणहरूले कडा प्रतिस्पर्धा हुने देखाएकाले ट्रम्पको उमेर मतदाताहरूका लागि सम्झौताको विषय नभएको देखिएको छ।

"अहिले उहाँ थकानका कारण बहसहरूबाट भाग्दै हुनुहुन्छ र अन्तर्वार्ताहरू रद्द गर्दै हुनुहुन्छ," ह्यारिसले शनिवार अटलान्टामा एक ऱ्यालीमा ट्रम्पको भद्दा र स्क्रिप्टबाहिरका भाषणहरूप्रति व्यङ्ग्य गर्दै भनिन्, "उहाँले यसलाई 'बुनाइ' भन्नुभएको छ, तर हामी यहाँ यसलाई बकवास भन्नेछौं।"

ह्यारिसले अक्टोबर १२ मा ट्रम्पको 'उत्कृष्ट स्वास्थ्य'को वर्णन गरिएको रिपोर्टका साथ ट्रम्पलाई उक्साउने प्रयास गरेकी थिइन्। तर पूर्वराष्ट्रपतिको अभियानले उनी पनि 'कमान्डर–इन–चिफ हुन पूर्ण र उत्कृष्ट स्वास्थ्यमा रहेको' उल्लेख गरेकी थिइन्।

ह्वाइट हाउसका लागि दोस्रो कार्यकालको प्रतिस्पर्धा गरिरहेका ट्रम्पले शनिवार पेन्सिलभेनियामा लामो भाषण दिएर ह्यारिसका आरोपहरूको जवाफ दिएका थिए। एक दिन अघि उनले ह्यारिससँग 'खरायोको जस्तो ऊर्जा छैन' भनेका थिए।

दुवै उम्मेदवारले आफ्ना प्रतिनिधिहरूसँगै आफ्ना अन्तिम अभियानका दिनहरू महत्त्वपूर्ण युद्धभूमि राज्यहरूमा बिताइरहेका छन्। रासस

## बमको धम्कीले भारतीय एयरलाइन्सहरू त्रस्त

नयाँ दिल्ली, ४ कात्तिक/एएफपी

भारतीय एयरलाइन्सहरूद्वारा सञ्चालित उडानहरूलाई ७० भन्दा बढी झूटो बमको धम्की दिइएको र यसले यात्रीहरूमा त्रास फैलनुका साथै विश्वव्यापी उडानमा ढिलाइ निम्त्याएको भारतीय सञ्चारमाध्यमहरूले आइतवार बताएका छन्।

सबै उडान सुरक्षित अवतरण भएपनि धम्कीको यस शृङ्खलाले विमानहरूलाई क्यानडा र जर्मनीतिर मोड्न तथा बेलायत र सिङ्गापुरको आकाशमाथि लडाकू जेटहरूलाई विमान एस्कर्ट गर्न लगाउनुपरेको छ।

भारत सरकार र नागरिक उड्डयन अधिकारीहरूले 'अत्यन्त कडा कारबाई' गरिने चेतावनी दिएका छन्। नयाँ दिल्लीको नागरिक उड्डयन अधिकारीहरूले गत साता कति धम्की प्राप्त भए भन्नेबारे नखुलाए पनि टाइम्स अफ इन्डिया र न्यूज १८ प्रसारकले अक्टोबर १३ देखि आन्तरिक र अन्तर्राष्ट्रिय दुवै उडानलाई लक्षित गरी ७० भन्दा धेरै झूटो धम्की दिइएको बताएका छन्।

शनिवार मात्र कम्तीमा ३० वटा झूटो धम्की दिइएको थियो। उडानमा ढिलाइ र मोडाइको विश्वव्यापी प्रभाव एयरलाइन्स तालिका र लागतमा धेरै परेको छ। भारतमा कम्तीमा एकजना नाबालक पक्राउ परेका छन्। यद्यपि धम्कीहरू जारी छन्।

बुधवार पक्राउ परेपछि भारतका नागरिक उड्डयनमन्त्री राममोहन नायडूले भने–"अवरोध सिर्जना गर्ने अन्य सबै जिम्मेवार व्यक्तिको पहिचान गरिने छ र विधिवत मुद्दा चलाइने छ।"

शुक्रवार र शनिवार कम्तीमा ४० उडानलाई बमको धम्की पोस्ट गरेपछि सामाजिक सञ्जाल एक्समा एक बेनामी खाता निलम्बन गरिएको द इन्डियन एक्सप्रेसको एक रिपोर्टले बताएको छ। यसमा संयुक्त राज्य अमेरिका र न्युजिल्यान्डका समेतगरी भारतीय र अन्तर्राष्ट्रिय एयरलाइन्स दुवै समावेश थिए।

इन्डियन एक्सप्रेसका अनुसार निलम्बित खाताबाट पठाइएका समान सन्देशहरूमा लेखिएको थियो–"बोर्डमा बमहरू राखिएका छन्... कोही पनि जीवित बाँच्ने छैन। छिटो गर्नुहोस् र विमान खाली गर्नुहोस्।"

हालै प्रभावित उडानहरूमध्ये शनिवार सुरक्षित अवतरणपछि अमेरिकी सुरक्षा अधिकारीहरूले मुम्बईबाट न्युयोर्कको एयर इन्डिया उडानको जाँच गरेका थिए।

प्रभावित अन्य उडानहरूमा नयाँ दिल्लीबाट शिकागो जाने एयर इन्डिया विमान थियो। उक्त विमान मङ्गलवार क्यानाडाको सुदूर उत्तरी शहर इक्वालुइटमा आपत्कालीन अवतरण गर्न बाध्य भएको थियो। क्यानाडाको वायुसेनाले यात्रीहरूलाई उडान गराउनुपरेको थियो।

सोही दिन सिङ्गापुरले एयर इन्डिया एक्सप्रेस विमानलाई एस्कर्ट गर्न लडाकू जेटहरू खटाएको थियो। बिहीवार विमानविरुद्ध धम्की दिइएपछि बेलायती आरएएफ लडाकू जेटहरूले एयर इन्डिया बोइङ ७७७–३०० लाई एस्कर्ट गरेपछि लन्डनमा सुरक्षित अवतरण भएको थियो। शुक्रवार नयाँ दिल्लीबाट लन्डन जाने विस्तारा उडान जर्मनीको फ्रेङ्कफर्टतर्फ मोड्नुपरेको थियो। रासस


**ग्राहकको प्रतीक्षा गर्दै महिला व्यापारी :** दीपावली तथा छठ पर्व नजीकिँदै गर्दा महोत्तरी जिल्लाको पिपरा गाउँपालिका–४ स्थित हटियामा माटाका सामग्री दियो, पाला, कलशलगायत बिक्रीका लागि ग्राहकको प्रतीक्षा गर्दै महिला व्यापारी। तस्बिरः सञ्जीतकुमार मण्डल/रासस

### गत वर्ष बालगङ्गा ...

कम्पनीले आव २०८०/८१ मा ७५ हजार २०० घनमिटर नदीजन्य पदार्थ उत्खनन गर्न पाउने ठेक्का सम्झौतामा उल्लेख भएको तर ठेकेदार कम्पनीले दुई लाख २२ हजार २४६.८० घनमिटर नदीजन्य पदार्थ उत्खनन गरेको पाइएको छ।

ठेकेदार कम्पनीले वन क्षेत्रबाट १,३५,०८६.६६ घनमिटर अवैध उत्खनन गरेको छ भने पहिलो प्लट र पहिलो तथा दोस्रो प्लटबीचबाट क्रमशः २८,२८० र ५१,३७९.५० घनमिटर अवैध उत्खनन गरेको प्रतिवेदनमा उल्लेख छ।

ठेक्का सम्झौता र मापदण्डमा तोकिएको प्लटभन्दा बाहिर वन क्षेत्रमा समेत अवैध उत्खनन गरेको प्राविधिक समितिले पेश गरेको प्रतिवेदनमा उल्लेख छ। वातावरणीय परीक्षण प्रतिवेदन अनुसार ठेक्का सकार गर्दा पालना गर्नुपर्ने अधिकांश शर्तसमेत पालना नगरेको सो प्रतिवेदनमा जनाइएको छ।

## रास्वपा सभापति लामिछानेलाई छ दिनको म्याद थप

गण्डकी, ४ कात्तिक/रासस

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेड पोखराको सहकारी ठगी तथा सङ्गठित अपराधसम्बन्धी मुद्दा सम्बन्धमा थप अनुसन्धान गर्न ६ दिनका लागि म्याद थप गरिएको छ।

कास्की जिल्ला अदालतका न्यायाधीश नवराज दाहालको एकल इजलासले अनुसन्धानका लागि ६ दिन म्याद थप गर्ने निर्णय गरेको सूचना अधिकारी सुरज अधिकारीले जानकारी दिए।

शुक्रवार काठमाडौंमा पक्राउ परेका सभापति लामिछानेलाई सोही दिन राति नै पोखरा ल्याइ जिल्ला प्रहरी कार्यालय कास्कीको हिरासतमा राखिएकामा आइतवार अदालतसमक्ष प्रस्तुत गरिएको थियो। इजलासमा सरकारी वकीलका तर्फबाट कमला काफ्लेले बहस गरेकी थिइन् भने सभापति लामिछानेका तर्फबाट अधिवक्ताहरू सुशील पन्त, डा नारायण घिमिरेलगायतले बहस गरेका थिए।

सभापति लामिछानेलाई अदालतमा उपस्थित गराइरहँदा बाहिर भने उनका समर्थकले नाराबाजी गरेका थिए। सम्भाव्य सुरक्षा अवस्थालाई दृष्टिगत गरी जिल्ला प्रशासन कार्यालय कास्कीले पोखराको शहीदचोक र आसपासको क्षेत्रलाई तोकेर निषेधाज्ञासमेत जारी गरेको थियो। समर्थकबाट निषेधाज्ञा तोड्ने प्रयास भइरहँदा प्रहरीले अश्रुग्याँस र पानीको फोहोरा प्रयोग गरी भीडलाई त्यहाँबाट हटाएको थियो।

सहकारी पीडितका साथै सभापति लामिछानेका समर्थक दुवै पक्षका छुट्टाछुट्टै प्रदर्शनका कार्यक्रम तय भएसँगै प्रशासनले बिहानैदेखि पोखराको सुरक्षा व्यवस्था कडा गरेको थियो। जिल्ला अदालत परिसर आसपासमा ठूलो सङ्ख्यामा सुरक्षाकर्मी परिचालन गरिएको थियो। सभापति लामिछाने समर्थकको ऱ्याली पोखराको पृथ्वीचोकमा आएर कोणसभामा परिणत भएको थियो। कोणसभालाई राष्ट्रिय स्वतन्त्र पार्टीका केन्द्रीय नेताहरूले सम्बोधन गरेका थिए।

### आजको राशिफल

| | |
|---|---|
| मेष – कान्तिक्षय | वृष – सुयश |
| मिथुन – अलमल | कर्कट – धनलाभ |
| सिंह – कर्मप्राप्ति | कन्या – अलमल |
| तुला – वादविवाद | वृश्चिक – व्यापारवृद्धि |
| धनु – शत्रुभय | मकर – कार्यनाश |
| कुम्भ – भयचिन्ता | मीन – मित्रमिलन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### मोटरसाइकल चोरी भएको सूचना

चेसिस नं MEISED1411L0030926, इन्जिन नं E3Y3E0895599 भएको प्र २–०३–०१२प ६९७५ नम्बरको यामाहा कम्पनीको ११३ सिसीको रातो–कालो रङ्गको स्कुटी २०८१/०६/२४ गते राति–बिहान १:०० बजेको समयमा वीरगंज महानगरपालिका–१२ मुर्ली टोलस्थित घर अगाडि पार्किङ गरेको अवस्थामा चोरी भएकोले फेला पार्नुहुने महानुभावले नजीकैको प्रहरी कार्यालय वा मो.नं. नम्बर ९८१८५७९६११ मा खबर गरिदिनुभएमा उचित पुरस्कार दिइनेछ।

-वाजिद अंसारी
वीरगंज महानगर-१२, मुर्ली

### पहलमानी ....

रौतहटका पहलवानहरूले राष्ट्रिय, अन्तर्राष्ट्रिय खेलमा सहभागी भएर मेडल जितेका छन् तर यो पेशामा लागेका पहलवानहरू अर्थ अभावमा अन्य पेशामा विस्थापित हुने क्रम पनि जारी छ।

पर्सा जिल्लाका पाँच स्थानमा पहलवानहरूको प्रशिक्षणका लागि अखाडा छ तर ती सबै अखाडा उनीहरूले आफ्नै खर्चमा तयार गरेका छन् र दैनिक प्रशिक्षण गर्दै आएका छन्।

त्रिभुवन विश्वविद्यालय
ठाकुर राम बहुमुखी क्याम्पस, वीरगंज

### आंशिक शिक्षक पदपूर्ति प्रयोजनको लागि दरखास्त आह्वानसम्बन्धी सूचना

प्रथमपटक प्रकाशित मिति २०८१ कात्तिक ४ गते

त्रिवि कार्यकारी परिषद्को मिति २०८१/०१/२३ गतेको निर्णय नम्बर १०० अनुसार यस क्याम्पसमा आंशिक शिक्षक पदपूर्ति गर्ने सम्बन्धमा त्रिवि रजिष्टारको कार्यालय, कीर्तिपुरको मिति २०८१/०२/०५ को क.प्र.म.शाखा (२) च.नं. ८१५४ को स्वीकृत पत्र र यस क्याम्पसको आंशिक शिक्षक छनोट समितिको मिति २०८१/०४/०२ गतेको निर्णय बमोजिम निम्न विषयहरूमा आंशिक शिक्षक पदपूर्ति गर्नुपर्ने भएको हुनाले इच्छुक नेपाली नागरिकहरूबाट माछापुच्छ्रे बैंक लिमिटेड ठाकुर राम बहुमुखी क्याम्पसको खाता नं १८७०९९१९८३२०००१६ विज्ञापन नं १ (नियमित कार्यक्रमको लागि मात्र) तथा विज्ञापन नं २ (BIT कार्यक्रमको लागि) खाता नं १८७०९९१९८३२०००३४ मा आवेदन दस्तुर रु ३०००/– (तीन हजार) जम्मा गरेको सक्कल भौचरसहित मिति २०८१ कात्तिक ११ गतेसम्म कार्यालय समयभित्र यस क्याम्पसको प्रशासन शाखामा बुझाउन हुन दरखास्त आह्वान गरिन्छ। रीत नपुगेका र म्याद नाघी दर्ता हुन आएका दरखास्त उपर कुनै कारबाई हुनेछैन।

(क) विज्ञापन नं १ (नियमित कार्यक्रमतर्फ)

| क्रसं | सङ्काय/अध्ययन संस्थान | विषय | योग्यता |
|---|---|---|---|
| १. | विज्ञान तथा प्रविधि अध्ययन संस्थान | प्राणीशास्त्र | सम्बन्धित विषयमा स्नातकोत्तर तह दोस्रो श्रेणीमा उत्तीर्ण भएको |
| २. | शिक्षाशास्त्र सङ्काय | अङ्ग्रेजी शिक्षा | " |
| ३. | मानविकी तथा सामाजिक शास्त्र सङ्काय | अङ्ग्रेजी | " |

(ख) विज्ञापन नं २ (आन्तरिक स्रोत कार्यक्रमतर्फ)

| क्रसं | सङ्काय/अध्ययन संस्थान | विषय | योग्यता |
|---|---|---|---|
| १. | विज्ञान तथा प्रविधि अध्ययन संस्थान (BIT) | Computer science | Master in Information technology and computer science वा सो सरह |

(शिक्षक छनोट समिति)
ठाराब क्याम्पस, वीरगंज

# आठ महीनामा एक लाख ६० हजार जनाको आवागमन

प्रस, जीतपुर, ४ कात्तिक/

सिमरा विमानस्थलबाट गत आठ महीनामा तीन हजार १५४ वटा उडान सेवाबाट एक लाख ६० हजार ३९९ जनाले सिमरा–काठमाडौं–सिमरा आवागमन गरेको सिमरा विमानस्थलका प्रबन्धक सूर्यबहादुर खत्रीले बताए।




प्राप्त विवरण अनुसार सन् २०२४ जनवरी–अगस्त आठ महीनामा दुईतर्फी तीन हजार १५४ वटा उडान सेवामार्फत ८१ हजार ९५० जना यात्रीले काठमाडौं–सिमरा र ७८ हजार ४४९ जना यात्रीले सिमरा–काठमाडौं यात्रा गरेका छन्।

सिमरा–काठमाडौं–सिमरा विमानसेवाबाट पर्सा, बारा, रौतहट, मकवानपुरलगायत छिमेकी भारतका सेवाग्राहीहरू लाभान्वित भएका छन्।

भारतीय सीमावर्ती शहर रक्सौलदेखि २५ किलोमिटर र वीरगंजदेखि २० किलोमिटर उत्तर दिशामा अवस्थित सिमरा विमानस्थलले प्राकृतिक प्रकोप बाढीपहिरोले काठमाडौं जाने राजमार्ग अवरुद्ध भएका बेला पनि यस भेगका सेवाग्राहीहरूलाई ठूलो टेवा दिँदै आएको विमानस्थलका सूचना अधिकृत सुरेन्द्र सिंह कुशवाहाले बताए।

# पालिकास्तरीय बहस तथा अन्तक्रिया सम्पन्न

प्रस, ठोरी, ४ कात्तिक/

नेकपा एमालेको ठोरी गाउँपालिका स्तरीय अन्तर्क्रिया तथा बहस कार्यक्रम सम्पन्न भएको छ। 'पार्टी सङ्गठनात्मक गतिविधि एवं स्थानीय जनप्रतिनिधिहरूसँगको समन्वय' सम्बन्धमा बहस तथा अन्तर्क्रिया भएको हो।

एमाले ठोरीका अध्यक्ष खगेन्द्र श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा पार्टीका तर्फबाट वडा नं १ का पार्टी कमिटी अध्यक्ष चेतबहादुर थापा, वडा नं २ का नरबहादुर क्षेत्री, गाउँपालिका कमिटी सदस्य नीलप्रसाद पौडेल, वडा नं ४ का पार्टी अध्यक्ष दिलबहादुर श्रेष्ठ र पूर्व जिल्ला कमिटी सदस्य यमबहादुर बस्नेतले बहस गरेका थिए। त्यसैगरी, जनप्रतिनिधिको तर्फबाट पालिका अध्यक्ष लालबहादुर श्रेष्ठ र उपाध्यक्ष गोकुलीकुमारी रेग्मीले बहस गरेका थिए।

सो अवसरमा मुख्य अतिथि एमाले केन्द्रीय सदस्य तथा पर्सा जिल्ला इन्चार्ज प्रभु हजरा, केन्द्रीय सदस्य तथा प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं ३ र ४ का इन्चार्ज अरविन्द सिंह, केन्द्रीय सल्लाकार परिषद्का सदस्य ठाकुरप्रसाद न्यौपाने, बहस नोट कमिटीको तर्फबाट केसी लामिछाने र गोविन्द प्रताप श्रेष्ठले मन्तव्य व्यक्त गरेका थिए।

ठोरी गापाका पार्टी जिल्ला कमिटी सदस्य, जनप्रतिनिधि र हरेक वडाबाट पाँचजनाको दरले चयन भएर आएका प्रतिनिधिहरू सम्मिलित कार्यक्रममा संसदीय फाटका कमीकमजोरी एवं सबल पक्ष र पार्टी नेतृत्व फाटको कमीकमजोरी कमजोरी साथै सबल पक्षबारे दुईतर्फी बहस भएको थियो।

सो पार्टी ठोरीका सचिव जगेन्द्र पौडेलको सहजीकरणमा सम्पन्न कार्यक्रममा एमाले पर्साका अध्यक्ष डा विश्वम्भर शर्मा, प्रदेश कमिटी सदस्य तथा पोखरिया नपाका प्रमुख प्रद्युम्न चौहान, पूर्व प्रदेश कमिटी सदस्य गणेश बोहोरालगायतको सहभागिता थियो। कार्यक्रम सुनाखरी होमस्टे सुवर्णपुरको कल्चर सेन्टरमा सम्पन्न भएको थियो।

# पर्सा, स्वास्थ्य सेवामा प्रदेशमा प्रथम

प्रस, वीरगंज, ४ कात्तिक/

स्वास्थ्य निर्देशनालयको मूल्याङ्कनमा जिल्ला स्वास्थ्य कार्यालय, पर्सा स्वास्थ्य क्षेत्रमा मधेस प्रदेशमैं उत्कृष्ट भएको छ।

मधेस प्रदेश स्वास्थ्य निर्देशनालयले आइतवार कार्यक्रम आयोजना गरी स्वास्थ्य कार्यालय पर्सालाई प्रथम भएकोमा प्रमाणपत्र प्रदान गरेको थियो। स्वास्थ्य निर्देशनालयका निर्देशक डा राजीवकुमार झाले जिल्ला स्वास्थ्य कार्यालय, पर्साका प्रमुख डा मुक्तिनारायण साहलाई प्रमाणपत्र प्रदान गरेका थिए।



जिल्लास्तरमा पर्सा प्रथम र पालिकास्तरमा पर्साको ठोरी गाउँपालिका तृतीय भएका हुन्। जिल्लास्तरमा सर्लाही द्वितीय र सिराहा तृतीय भएका छन् भने पालिकास्तरमा सर्लाहीको हरिवन नगरपालिका द्वितीय र सप्तरीको हनुमाननगर नपा तृतीय भए।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारीमा आएन | | |




## गौरमा प्रदर्शन

प्रस, रौतहट, ४ कात्तिक/

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई पक्राउ गरेको विरोधमा आइतवार गौरमा विरोध प्रदर्शन भएको छ।

सहकारी ठगी प्रकरणमा मुछिएका रास्वपा अध्यक्ष लामिछानेलाई अनुसन्धानको लागि हिरासतमा लिइएकोले राष्ट्रिय स्वतन्त्र पार्टीका नेता तथा कार्यकर्ताहरूले गौरमा विरोध प्रदर्शन गरेका हुन्।

# तीन महीनामा रु चार करोड बढी राजस्व सङ्कलन



प्रस, जीतपुर, ४ कात्तिक/

मालपोत कार्यालय, सिमरा, बाराले गत तीन महीनामा रु चार करोड ३४ लाख आठ हजार ९५३ आय सङ्कलन गरी राजस्व दाखिला गरिएको सो कार्यालयका सूचना अधिकारी लीलाराज पौडेलले बताए।

प्राप्त विवरण बमोजिम आव २०८१/८२ को साउन–असोज तीन महीनामा लिखत रजिस्ट्रेशनबापत रु तीन करोड ९४ लाख ३८ हजार ३१८ र दृष्टिबन्धकबापत रु ३९ लाख ७० हजार ६३५ सङ्कलन गरी राजस्व दाखिला गरिएको छ।

साबिक रातोमाटे, भवानीपुर जीतपुर, डुमरवाना, निजगढ, इनर्वासिरा, मनहर्वा, पिपरासिमरा, छातापिपरा, फत्तेपुर हाल जीतपुरसिमरा उपमहानगरपालिका र निजगढ नगरपालिका सो कार्यालयको क्षेत्रभित्र कायम रहेको जनाइएको छ।

सो कार्यालयले सिमरा बजनीस्थित २३ कोठे भवन भाडामा लिई सेवाप्रवाह गरिरहेको छ। सो भवनको प्रतिमहीना बहाल रु ५९ हजार सात सय रहेको सूचना अधिकारी पौडेलले बताए।

# खेलकूदको संसार

## नेपाललाई टी–२० शृङ्खलाको उपाधि, सुपर ओभरमा अमेरिका पराजित

काठमाडौं, ४ कात्तिक/रासस

नेपालले घरेलु टोली अमेरिकाविरुद्ध तीन खेलको टी–२० शृङ्खलाको उपाधि जितेको छ। अमेरिकाको डलासमा आइतवार सम्पन्न खेलमा नेपालले अमेरिकालाई सुपर ओभरमा पराजित गर्दै एक खेलअगावै उपाधि जितेको हो।




जीतसँगै नेपालले शृङ्खलामा २–० को अग्रता बनाएको छ। यस अघि भएको पहिलो खेलमा नेपालले घरेलु टोली अमेरिकामाथि १७ रनको जीत हासिल गरेको थियो।

नेपालले अमेरिकालाई जीतका लागि १७१ रनको लक्ष्य दिएको थियो। लक्ष्य पछ्याएको अमेरिकाले निर्धारित २० ओभरमा आठ विकेट गुमाउँदै १७० रन बनायो। त्यसपछि खेल सुपर ओभरमा पुगेको हो।

सुपर ओभरमा पहिले ब्याटिङ गरेको अमेरिकाले दुई विकेट गुमाएर जम्मा दुई रन मात्र बनाउन सक्यो। सोमपाल कामीले उत्कृष्ट बलिङ गर्दै सुपर ओभरमा दुई विकेट लिए। त्यसपछि नेपालका कप्तान रोहितकुमार पौडेल र कुशल भुर्तेलले तीन रन बनाउँदै सुपर ओभरमार्फत नेपाललाई जीत दिलाए।

खेलमा टस जितेर पहिले ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरमा छ विकेटको क्षतिमा १७० रन बनाएको थियो।

नेपालका लागि कुशल भुर्तेलले अविजित रहँदै सर्वाधिक ९२ रन बनाएका थिए। उनी 'प्लेअर अफ दी म्याच'समेत बने। त्यस्तै, अनिलकुमार साहले २५, गुलशन झाले १७ तथा कप्तान रोहितकुमार पौडेलले १८ रनको योगदान दिए।

अमेरिकाका जसदीप सिंह र नोस्थुस केन्जिगेले समान दुई–दुई विकेट लिए भने सौरभ नेत्राभाल्करले एक विकेट हात पारेका थिए।

अमेरिकाका लागि आन्द्रे गौसले ६२ रन बनाए भने साइटेजा मुक्कामल्लले ४७ रनको योगदान गरे। नेपालका लागि करण केसीले सर्वाधिक तीन विकेट हात पारे। त्यस्तै, सोमपाल कामीले दुई तथा सागर ढकाल र दीपेन्द्रसिंह ऐरीले समान एक/एक विकेट लिए।

नेपालले अमेरिकाविरुद्ध तेस्रो तथा अन्तिम खेल मङ्गलवार खेल्नेछ।

## यू–१९ राष्ट्रिय क्रिकेटः खेलाडी बन्द प्रशिक्षणमा

बैतडी, ४ कात्तिक/रासस

नरेश श्रेष्ठ स्मृति यू–१९ पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगिताका लागि सुदूरपश्चिमका २४ खेलाडी छनोट भएका छन्।

डडेल्धुराको परशुराममा सम्पन्न प्रदेशस्तरीय छनोट प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरेका खेलाडी प्रशिक्षणका निम्ति चयन भएका सुदूरपश्चिम प्रादेशिक क्रिकेट सङ्घका प्रमुख दीपेन्द्र भण्डारीले बताए।

प्रतियोगिता कात्तिक १० गतेदेखि विराटनगरमा हुँदैछ। कात्तिक १२ गते सुदूरपश्चिम र लुम्बिनी प्रदेशबीच पहिलो खेल हुनेछ।

प्रतियोगितामा सातवटै प्रदेशका टोली सहभागी हुने नेपाल क्रिकेट सङ्घका अध्यक्ष चतुरबहादुर चन्दले बताए। प्रतियोगिताको अन्तिम खेल कात्तिक २१ गते हुनेछ।

## पोखरिया फूटबल प्रतियोगिताको उपाधि वीरगंज युथले जित्यो

प्रस, पोखरिया, ४ कात्तिक/

नवदुर्गा पूजा समिति पोखरियाको आयोजनामा जिल्ला उच्चाङ्गल रामदेव कलवार मावि पोखरियाको खेलमैदानमा भएको फूटबल प्रतियोगिताको उपाधि वीरगंज युथ एकेडेमीले जितेको छ।



आइतवार भएको फाइनल खेलमा वीरगंज युथले बिरुवागुठी युवा क्लबलाई पेनाल्टीमा चारका विरुद्ध पाँच गोल गरी उपाधि जितेको हो।

निर्धारित समयमा दुवै टीम गोलरहित खेलेपछि पेनाल्टीबाट निर्णय गरिएको थियो। पेनाल्टीमा वीरगंज युथ क्लबले पाँचवटै बललाई पोलभित्र पुऱ्याएको थियो भने बिरुवागुठीको एक गोल वीरगंज युथका गोलकीपरले रोक्न सफल भएका थिए।

प्रतियोगिताको विजेता टीमलाई रु एक लाख ११ हजार र उपविजेता टीमलाई रु ५१ हजार नगद, शिल्ड, मेडल र प्रमाणपत्रबाट कार्यक्रमका प्रमुख अतिथि पूर्वमन्त्री सुरेन्द्रप्रसाद चौधरीले प्रदान गरेका थिए। वडाध्यक्ष एवं पूजा समितिका संयोजक लक्ष्मणसाह कानूको अध्यक्षतामा भएको समापन समारोहमा नगरप्रमुख प्रद्युम्न चौहान, उपप्रमुख रूबी ठाकुर, पूर्वनगरप्रमुख दीपनारायण रौनियार, राष्ट्रिय मुक्ति मोर्चाका नेजामुद्दीन समानीलगायतको सहभागिता थियो।

## जलवायु परिवर्तनका असरबाट बचौं र बचाऔं

जलवायु परिवर्तनका असरलाई दृष्टिगत गरीः

- अनावश्यक ऊर्जाको खपत नगरौं,
- सुधारिएको चुलो, बायोग्याँस, सौर्य ऊर्जा जस्ता नवीकरणीय ऊर्जा प्रयोग गरौं,
- सकेसम्म विद्युत्बाट चल्ने सवारीसाधनको प्रयोग गरौं,
- वनजङ्गल संरक्षण र वृक्षारोपण गरौं,
- काम नलाग्ने सामानको पुनर्प्रयोग, पुनर्प्रशोधन गरौं,
- घरबाट निस्कने फोहोरलाई जथाभावी नफालौं,
- जैविक फोहोरलाई कम्पोस्ट मल बनाऔं,

**आफ्नो छरछिमेक र गाउँघरमा भएका परम्परागत ज्ञानलाई संरक्षण र प्रवर्द्धन गरौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड